# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १६ कार्तिक २०८०
# बिहीवार
# बैठक सङ्ख्या- ४८

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:२९ बजे प्रारम्भ भयो ।

**(१३:२९ बजे)** <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "विद्युतीय व्यापार विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१३:२९ बजे)** <u>**माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल**</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "विद्युतीय व्यापार विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**(१३:३० बजे)** <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "विद्युतीय व्यापार विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "विद्युतीय व्यापार विधेयक, २०८० माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "विद्युतीय व्यापार विधेयक, २०८०" माथि छलफल गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म "विद्युतीय व्यापार विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १७ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "विद्युतीय व्यापार विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १७ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "विद्युतीय व्यापार विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १७ सम्म उल्लेखित संशोधनहरू "विद्युतीय व्यापार विधेयक, २०८०" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "विद्युतीय व्यापार विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १७ सम्म उल्लिखित संशोधनहरू सर्वसम्मतिले "विद्युतीय व्यापार विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ३७ सम्मका दफाहरू "विद्युतीय व्यापार विधेयक, २०८०" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, विधेयकको दफा २ देखि ३७ सम्मका दफाहरू सर्वसम्मतिले "विद्युतीय व्यापार विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना**ः सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई नियमन गरी व्यवस्थित र विश्वसनीय बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ र विस्तार**ः (१) यस ऐनको नाम "विद्युतीय व्यापार ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुने छ ।

(३) यो ऐन नेपालभर लागु हुने छ र विद्युतीय व्यापारको माध्यमबाट नेपालमा वस्तु वा सेवा उपलब्ध गराउने नेपालबाहिर जहाँसुकै रहे बसेको व्यक्तिको हकमा समेत लागु हुने छ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "विद्युतीय व्यापार विधेयक, २०८०" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "विद्युतीय व्यापार विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई "विद्युतीय व्यापार विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१३:३४ बजे) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विद्युतीय व्यापार विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१३:३५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "विद्युतीय व्यापार विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, बैठक चल्दै गर्दा अधिवेशन अन्त्यसम्बन्धी पत्र प्राप्त हुन आएको छ । त्यसैले म अरू कार्यसूचीलाई अगाडि बढाउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालु चौधौं अधिवेशन अन्त्यको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो मन्तव्य राख्नका लागि नाम प्राप्त भएको छ । अब म उहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय सदस्य माया प्रसाद शर्मा ।

(१३:३६ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम इजरायलमा हमासद्वारा आक्रमण भई दिवङ्गत हुनुहुने नेपाली विद्यार्थीहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

मगुको रारा छायानाथ नगरपालिकाअन्तर्गत वडा नम्बर ६ मा एउटै परिवारका आमा, छोरा दुई, छोरी एक, अज्ञात व्यक्तिहरूद्वारा हत्या गरिएको छ । उहाँहरूप्रति र प्राकृतिक प्रकोपमा दिवङ्गत सबैप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र उहाँहरूको क्षतिपूर्ति राहतका लागि सरकारसँग माग गर्न चाहन्छु ।

र हमासका कब्जामा रहेको विपिन जोशी भन्ने समाचार आएको छ । उहाँको रिहाइको लागि सरकारको पहल अगाडि बढोस् भन्न चाहन्छु ।

अध्यक्ष महोदय, भर्खरै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस नेपाल भ्रमण गरेर जलवायु परिवर्तन, लुम्बिनीमा बुद्धको जन्म र विश्व शान्तिको लागि बुद्धको महिमागान विश्वभरि

प्रचार गर्ने, शान्ति प्रक्रियाका विषयहरू विगतमा भएका नेपालको उल्लेख्य एकताबद्ध सहभागिताका बारेमा ..... विभिन्न क्षेत्रमा व्यक्तित्वहरूसँगको भेटघाट, छलफल गरेर भर्खरै जानुभएकोमा म हार्दिक धन्यवाद दिन चाहन्छु ।

राष्ट्रिय सभा चौधौं अधिवेशन समापनतिर जाँदै छ । हामीले ४७ औं बैठक सम्पन्न गरेर हामी यसको, अधिवेशनको अन्त्यतिर गइराखेका छौं । यतिबेला Angola मा भएको अन्तर्राष्ट्रिय व्यवस्थापिका संघको १४७ औं बैठकमा हाम्रो सम्माननीय अध्यक्षज्यूको नेतृत्वमा टिम भाग लिएर फर्किएको छ । त्यहाँ हाम्रो राष्ट्रिय सभाको महिमा, ओज र महत्त्वबारे दर्साउन सफल भएको छ । र अन्य भ्रमणहरू गरेर यसको महत्त्व र आवश्यकतालाई बोध गराउँदै गएको स्थिति छ । यही अधिवशेनमा राष्ट्रिय सभाले केही महत्त्वका विधेयकहरू पारित गरेको छ, प्रतिनिधि सभामा पठाउने प्रक्रियामा छ । भर्खर पनि हामीले विद्युत् व्यापारसम्बन्धी विधेयक पास गरेका छौं । मिटरब्याजीहरूले गरेको गलत प्रक्रियाका विरुद्धको एउटा विधेयक पारित गरेर, संयुक्त सदनले नै पारित गरेर कार्यान्वयनको प्रक्रियामा जाँदै छ । र यता विधायन व्यवस्थापन सम्बन्धमा विधेयक राष्ट्रिय सभाले पारित गरेको छ । राष्ट्रिय मर्यादा क्रमको विधेयक, विद्युत् व्यापारसम्बन्धी विधेयक राष्ट्रिय सभाबाट पारित भएका छन् भने सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसँग सम्बन्धित विधेयक समितिमा छलफल भइराखेको स्थिति छ । यसैले योभित्र उल्लेख्य कामहरू रहेको स्थिति देखिन्छ ।

अध्यक्ष महोदय, सरकार विगतभन्दा आफ्नो प्रक्रियामा सकारात्मक ढङ्गले अगाडि बढिराखेर केही नयाँ सन्देश दिने काम पनि गरिराखेको स्थिति छ । सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" भारत, चीन, अमेरिका भ्रमण गरेर नेपाल, नेपाली जनता र राष्ट्र र राष्ट्रियताको विषयमा महत्त्वपूर्ण धारणा राखेर नेपालीको सान, गौरव र इज्जत बढाउन अग्रसर रहेको स्थिति छ । हमासका घटनाद्वारा इजरायलमा भएको आक्रमणका कारणले नेपालीहरूका दिवङ्गत शवहरू अलपत्र परेको स्थितिलाई चिर्दै परराष्ट्र मन्त्रीज्यू पनि त्यहीं गएर, आफैं पुगेर दिवङ्गत व्यक्तित्वहरूका शवलाई घरमा पुऱ्याउने काम गरेको स्थिति छ । नेपाल सरकारले सुशासनको प्रत्याभूति, अराजकताको नियन्त्रण र आर्थिक विकासमा जोड दिने लक्ष्यसहित आफ्ना कार्यक्रमहरू अगाडि बढाइराखेको स्थिति छ । चर्चा, परिचर्चा, सकारात्मक, नकारात्मक दुवै हुन्छन् । घटनाले दुवै परिचर्चालाई उजागर गरिदिन्छ । गलत कुरा, गलत परम्पराका बारेमा उठाइने चर्चा सकारात्मक नै हुन्छन् । किनभने त्यसले सकारात्मक सन्देशका निमित्त नियन्त्रण गरिराखेको हुन्छ, हस्तक्षेप गरिराखेको हुन्छ तर सरकारले अहिले गरेका कामहरू, मेरो आफ्नो बुझाइमा, ठम्याइमा सकारात्मक नै मैले देखे गरेको छु । सुशासनसँग सम्बन्धित विषयहरू

अगाडि बढाइएको छ । यो या त्यो केही पनि नभनिकन सत्तापक्ष, प्रतिपक्ष, बाहिर रहेका जोसुकै र जुनसुकै रहुन्, सुशासन, भ्रष्टाचार, अनियमितताका कुराहरूमा नियन्त्रण गर्न मेहनत गरिराखेको स्थिति छ । यहाँभन्दा पनि अरू सरकारहरू नेपाल देश निर्माणदेखि यतातिर बसे पनि बनेकै कुरा हो । यो तस्करीका कुरा हुन्, सुन तस्कारी, अन्य तस्कारीका कुरा हुन्, यिनै लामो समयदेखि हुँदै आएका विषय नै हुनुपर्छ । एक्कासी, कहिले पनि घटनाक्रम अगाडि बढ्ने स्थिति हुँदैन । यसको पनि यो गहिराइमा पुग्न जरुरी छ । तर यो सरकार बनेदेखि यता हरेक विषयहरूमा आफ्नो गतिविधि अगाडि बढाइराखेको स्थिति देखिन्छ । सुशासनको समृद्धिका कुराहरूलाई आफ्नो प्रयत्न, पहल र जोडले गठबन्धन सरकार लागिराखेको स्थिति छ ।

हामीसँग पछिल्लो चरणमा केही अराजकताका विषयहरू पनि उठ्ने गरेका छन् । त्यसलाई सकारात्मक ढङ्गले नियन्त्रण गराएर देशलाई अनुशासित बनाउन जरुरी हुन्छ, त्यसमा पनि लागेको देखिन्छ । वैदेशिक व्यापारको सहज बनाउँदै व्यापार घाटा न्यूनीकरण गर्नेमा आर्थिक समृद्धिको कुरा अगाडि बढाइराखेको स्थिति छ । आर्थिक मन्दी विश्वव्यापी छ । ......, पुरानालगायतका विभिन्न खालका घटनाक्रमहरूले पनि यसलाई प्रश्रय, मलजल र क्षतिका निमित्त भूमिका खेले । तर त्यसयता त्यो खाटाहरूलाई पुर्दै निरन्तर ढङ्गले अगाडि बढिराखेको स्थिति छ । आज सबैमा एउटा प्रकारको विश्वास जागेको यस्तो स्थिति छ कि यो सरकारले सुशासनका लागि, समृद्धका लागि पहल गरिराखेको स्थिति छ । केही सेवा गर्ने कुरामा सचेततापूर्वक मेहनत गर्नुपर्ने विषयहरू छन् । सकारात्मक कुराहरूभित्र केही कुराहरू नकारात्मक अवश्य पनि लुकेका हुन्छन् । तर त्यसलाई हामीले सहज ढङ्गले सच्याउने प्रयत्न गर्नु जरुरी हुन्छ । जनताका आवश्यकताहरू छन्, महँगी छ, केही तेलसँग सम्बन्धित विषयहरू त केही घटाउने काम भएको छ । तर केही महँगीका विषयहरू उठिराखेका छन् । जनताको जनजीवनसँग सम्बन्धित विषयहरूलाई नेपाल सरकारले गहिरो ध्यान दिएर त्यसमा नियन्त्रणका निमित्त अनुगमन गर्ने कुराहरू जरुरी देखिन्छ । त्यसमा ध्यान दिन नितान्त आवश्यक देखिन्छ ।

अहिले हामी एउटा ठुलो एउटा अवधिबाट पार गर्दै अगाडि बढिरहेको स्थिति छ । नेपाली जनता, नेपालको राजनीतिक पार्टी, नेपालका सबै क्षेत्रहरूमा एकताबद्ध समस्याको हल गर्ने एउटा विधि निश्चित रूपले हुने गरेको छ । विगत लामो समयदेखि विभिन्न प्रकारका सङ्घर्षहरू, आन्दोलनहरू भए । पछिल्लो चरणमा भएको जनयुद्ध, यसले पारेको प्रभावमा, यसले पारेको प्रभावमा केही ढिलाइहरू, शान्ति प्रक्रियाका कामहरू अवश्य पनि ढिलाइ हुन पुगेका छन् । हामीले हेर्छौं कि शान्ति प्रक्रिया टुङ्गो नलगाउने हो भने देश अगाडि बढ्न सक्छ कि सक्दैन? गाह्रो हुन्छ । हामी कसैले पनि अहिले सहमतिको कुरा सुनिन आएको छ, खुसी

लागेको छ । र यो एउटा जुन प्रकारको सङ्क्रमणकालीन न्यायको विषयलाई गहिरो ढङ्गले अध्ययन गर्नुपर्ने, त्यसको स्थायी निदान गर्नुपर्ने जरुरी छ । यो कुनै एउटा व्यक्ति, एउटा कुनै राजनीतिक पार्टीसँग, त्यसका प्रति नेतृत्वसँग मात्र त्यसको सरोकार हुँदैन । यो राष्ट्रको सरोकार हो । हामीले ०६३ सालमा ७ राजनीतिक दल र तत्कालीन विद्रोही माओवादीका बिचमा सहमति गरेर, समझदारी गरेर आन्दोलन गऱ्यौं । त्यसले एउटा नेपालको नयाँ राजनीतिक स्थितिको सिर्जना गऱ्यो । र त्यो आन्दोलनले, त्यसपछि गएर हामीले त्यही आन्दोलनमा टेकेर १२ बुँदे सहमति, त्यसपछि गएका विभिन्न प्रकारका कामहरू गर्दै यहाँसम्म आयौं । संविधान निर्माण गऱ्यौं, गणतन्त्र स्थापना गऱ्यौं, संविधानमार्फत विभिन्न उपलब्धिहरू हामीले हासिल गऱ्यौं । तर शान्ति प्रक्रियाका सङ्क्रमणकालीन केही न्यायका विषयहरू अधुरो रहेको स्थिति छ । जुन प्रकारको बेपत्ता छानबिन गर्ने कुरा, सत्य निरुपण तथा मेलमिलाप आयोग हामीले बनाउँदै गयौं । त्यसलाई फेरि पूर्णता दिने र काम कुरा गर्ने कुरामा केही ढिलाइ भएको स्थिति अवश्य पनि छ । हामी चर्चा उठेको छ, यो आन्दोलनविना परिवर्तन कहिले पनि भएको स्थिति देखिँदैन । चाहे त्यो साना आन्दोलन हुन्, ठुला हुन् । राणा शासनका विरुद्धमा नेपाली काँग्रेसले नेतृत्व गरेर एउटा महान् आन्दोलन गऱ्यो, जनक्रान्ति गऱ्यो ।

हामीले त्यसपछि गएर ०४६/०४७ मा नेपाली काँग्रेस, कम्युनिष्ट पार्टीलगायतका तमाम खालका सबै पार्टीहरू मिलेर ०४६ सालको आन्दोलनले संवैधानिक राजतन्त्रको स्थापना गर्न पुग्यो । त्यहाँ पनि मान्छेहरूका बिचमा कम, बेसी क्षति अवश्य पनि थियो । आन्दोलनकारीहरूलाई आरोप लगाउने काम, निर्वासित गर्ने काम, विभिन्न प्रकारका आरोपित बनाउने कुरा र जेल जाने कुरा, पठाउने कुरा पनि भइराखेका स्थिति थिए । तर पछिल्लो चरण माओवादी नेतृत्वमा भएको जनयुद्धले एउटा प्रकारको, जो हामीले भनेका छौं, त्यसको जगमा ऐतिहासिक जनआन्दोलन भएर यो जुन प्रकारको परिवर्तन भएको छ, यो साझा एकताबद्ध परिवर्तन हो । यही ढङ्गले हामीले १२ बुँदे सहमति, विभिन्न प्रकारका सहमतिहरू, शान्ति प्रक्रियाहरूलाई टुङ्ग्याउने विषयमा गएको कुरा अवश्य पनि छ । यसलाई हामीले हेऱ्यौं भने यो कसैलाई अर्को अर्थले मैले बुझेको छैन । हामी हेऱ्यौं भने यसलाई टुङ्ग्याउन जरुरी छ । यसको म आफैं, म प्रष्ट भन्न के एउटा राख्न चाहन्छु भने त्यही आन्दोलनको क्रममा त्यसको थालनी, निरन्तरता, तयारी, थालनी, निरन्तरता र अन्तिम त्यसको एउटा उत्कर्षमा पुगुन्जेलसम्म त्यसको सहभागी भएको व्यक्तिका हैसियतले । कोही पनि राजनीतिक दलका बिचको लडाइ हाम्रो अवश्य पनि होइन । त्यो राजतन्त्रका विरुद्धको, सामन्तवादका विरुद्धको लडाइ थियो । त्यतिबेला दशौ वर्षमा मेरो आफ्नो परिवारका सदस्यहरू, आफन्तहरू गरेर ११ जनाले बलिदान

गरेका छन् । कोही पनि १० वर्ष खाली छैन । मैले यदि यो सङ्क्रमणकालीन न्यायको रूपमा बुझिनँ र उसलाई त्यसको एउटा पूर्वाग्रही ढङ्गले सोचें भने कुनै पनि सरकार त्यतिबेला यो या त्यो ढङ्गको जो सुकै सरकार भए पनि त्यसलाई छुन्छ होला भन्ने मलाई लाग्छ । म के चाहन्छु भने त्यो परिवर्तनका निमित्त भएको बलिदान हो, त्यो जनताका निमित्त भएको बलिदान हो, यो रूपान्तरणका निमित्त भएको बलिदान हो । त्यसकारण त्यसलाई त्यही ढङ्गले बुझैर बलिदानको निश्चित् गर्वसहित के गर्नुपर्छ, त्यसको टुङ्गोमा लगाउनुपर्छ । हामी खोजी गरेर, हामी कोही पनि पाखामा थिएनौं । यो वा त्यो ढङ्गले हामील लड्यौं वा लडेनौं भन्ने कुरा मलाई लाग्दैन । यो हामी सबै कोही पनि पाखामा थिएनौं । हामी सबै यो वा त्यो ढङ्गले सहभागी छौं । त्यसैले सङ्क्रमण निम्तिएको हो र हामीले यसलाई यो देशमा यसलाई टुङ्ग्याउनुपर्ने मैले जरुरी ठान्छु ।

अन्त्यमा यो हाम्रा समितिहरू बनेका छन् । संयुक्त समितिहरूको यो, सभापतिज्यूहरूको यो निर्वाचन गर्न केही ढिलाइ भएको छ । यसलाई हामीले छिटो टुङ्ग्याउनुपर्छ होला लाग्छ । र अरू अब जुन प्रकारका हामीले सबै दलहरू हामी एक ठाउँमा भएर हामी राष्ट्रिय सभा कहिलेकाहीं कतैको कतै सऱ्यो भने अलि अप्ठ्यारो त हुन्छ । तर हामीसँगै, सँगै हामी एकताबद्ध भएर जाने एउटा नयाँ सन्देश दिँदै आएका छौं र यो ऐतिहासिकता, यो गरिमा बचाएका छौं । हामी छोटै समय पनि छ, हाम्रो सम्माननीय अध्यक्ष महोदय, हामीले उहाँको यसमा नेतृत्व, समन्वयकारी भूमिका, सबैलाई समान एउटा निष्पक्षताले यसलाई जुन प्रकारको प्रस्तुति छ, जुन प्रकारको शैली छ, यसलाई राष्ट्रिय सभाको एउटा ऐतिहासिक गरिमालाई उजागर गरेको छ । यसले एउटा सन्देश दिन सफल भएको छ । यो राष्ट्रिय सभाले निरन्तर निरन्तर ढङ्गले आफ्नो गरिमा बचाइरहने छ । र यो यसले एउटा नयाँ ढङ्गको सन्देश पनि दिने छ भन्ने कुरा राख्दै यो चौधौं ऐतिहासिक अधिवेशनको भव्य समापन गर्दै यसको अन्त्यतिर हामी जाँदै छौं । सबै सबै माननीयज्यूहरूलाई तिहार, छठलगायतका पर्वहरूको शुभकामना व्यक्त गर्दै मेरा भनाइ यहीं अन्त्य गर्छु । धन्यवाद । लालसलाम ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य देवेन्द्र दहाल।

(१३:५३ बजे) **माननीय श्री देवेन्द्र दहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी झण्डै सात महिनापछि यो सदनको अन्त्य अवस्थातिर आइपुगेका छौं । २०८० साल बैशाख २४ गतेबाट सुरू भएको यो सदन आज अन्त्य हुने सम्माननीय

अध्यक्षज्यूबाट जानकारी हामीले प्राप्त भएका छौं, गरेका छौं । र आज मलाई लाग्छ यसबिचमा भएका कामहरूको सन्दर्भमा सम्माननीय अध्यक्षज्यूबाट हामीले जानकारी पाउने नै छौं । त्यो एउटा औपचारिक कुरा भयो । औपचारिक रूपले उहाँले जानकारी गराउनु नै हुने छ, त्यो एउटा औपचारिक विषय भयो । तर पनि यसबिचमा के कस्ता कामहरू भए? कसरी हामी यो सदन अगाडि बढ्यो? भन्ने बारेमा मैले केही कुराहरू राख्ने छु। त्यो राख्नुभन्दा अगाडि, म सर्वप्रथम त इजरायलमा हमासद्वारा मारिएका दश जना नेपालीहरू, उहाँहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । र बेपत्ता पारिएका अथवा बन्धक बनाएका कञ्चनपुरका विपिन जोशीको स्थिति अज्ञात रहेको छ । सरकारले अविलम्ब उहाँको स्थितिको बारेमा जानकारी लिनुपर्छ । र उहाँ यदि जीवितै भए, उहाँको उद्धार गर्नुपर्छ । र यदि मारिसकिएको भए पनि हामी आशा गरौं उहाँ जीवितै हुन्छ भनेर । जे जस्तो अवस्था भए पनि सरकारले त्यसको अविलम्ब पत्ता लगाएर नेपाली जनतालाई जानकारी गराउनुपर्छ ।

अर्को कुरा मुगु जिल्लाको छायाँनाथ गाउँपालिकामा भखरै मात्रै, झण्डै एक हप्ता मात्रै पनि भएको छैन होला । चार जनाको एकै ठाउँ हत्या भएको छ, अज्ञात व्यक्तिहरूबाट । श्रीदेवी वोहरासहित दुई छोरा, एक छोरी अज्ञात व्यक्तिहरूबाट हत्या भएको छ । उहाँहरूप्रति पनि म हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु । र हत्यारा को हो? तुरुन्तै सरकारले पत्ता लगाओस् र सख्त कारबाहीको दायरामा ल्याओस् भनेर म सरकारसँग माग गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, आज हामी समापन मन्तव्यको लागि यहाँ उभिइरहँदाखेरि जनताको बिचमा के के गऱ्यौं त भनेर लिएर जाने विषय मैले चाहिँ यहाँ माननीय सदस्यले केही कुरा राख्नुभएको छ । मैले चाहिँ केही छिटपुट विषयबाहेक केही पनि देखेको छैन । बरु जनताहरू समस्याको चपेटामा पर्दा मूकदर्शक हुनुपर्ने अवस्था सिर्जना भएको छ, बाध्य भएको छौं । प्रतिपक्षले उठाएका विषयहरू सरकारले सुन्दैन । प्रतिपक्षले जायज कुरा उठाउँदाखेरि पनि नसुनेर संसद अवरूद्ध  गर्नुपर्ने अवस्था चाहिँ सिर्जना भयो । लामो समयसम्म संसद अवरूद्ध गर्नुपऱ्यो । र एउटा विषयमा छानबिन आयोग बनाउनको लागि पनि संसद अवरूद्ध गर्नुपर्ने स्थिति आयो । त्यसले गर्दाखेरी के प्रष्ट हुन्छ भने यो सरकार प्रतिपक्षको कुरा सुन्ने स्थितिमा छैन, र सुनेको पनि अवस्था छैन । महँगीले आक्रान्त बनाएको छ । महँगी इतिहासकै सबैभन्दा उच्च तहमा पुगेको छ । यसबिचमा बाढिपहिरोले जनतालाई समस्याग्रस्त बनाउँदा । हामीले यो सदनमा उठेर केही कुरा राख्नुबाहेक अरु केही जनतालाई दिन सकेनौं । लम्की स्किनले कृषकका पशुधन क्षति भयो । त्यसमा जोडतोडले कुरा उठाइयो तर मरेका किसानका

पशुहरूको क्षतिपूर्ति दिने सन्दर्भमा केही न केही राहत उपलब्ध गराउनुपर्छ भन्दा सरकारले उपलब्ध गराउन सकेन ।

अर्कोतिर शान्तिसुरक्षाको स्थितिलाई हेर्ने हो भने पहिचानको नाममा प्रमुख प्रतिपक्षी दलका नेता तथा उपनेताको टाउकोमा ढुङ्गा वर्षिंदा, यो सरकार मूकदर्शक भएर बस्छ । यसपटक सुरक्षास्थितिमा प्रश्न उठ्यो, अहिले पनि त्यो प्रश्न उठिरहेको छ । यद्यपि संसदीय दलको उपनेताको निधन भइसकेको छ । र तर पनि पहिचानको नाममा त्यस खालको हर्कत हुँदाखेरि यो सरकारले वास्तवमा कुनै कारबाही नगरेको र मूकदर्शक भएर बसेको अवस्था छ । केही व्यक्तिहरूले विभिन्न पार्टीका नेताहरू खासगरी प्रमुख प्रतिपक्ष दलका नेता के.पी. ओली माथि अनर्गल तथ्यहीन आरोप लगाउने र तथानाम गलीगलौज गर्दै गर्दा पनि सरकार मूकदर्शक भएर बस्यो । तिनीहरू माथि कुनै कारबाही भएको छैन । एक जना मान्छे त अहिले पनि के.पी. ओलीका विरुद्धमा बरबराइरहेका छन् । यसले मुलुकमा अराजकतालाई प्रश्रय दिएको छ । जसले जे बोल्दा पनि हुन्छ भने खालको स्थिति स्थापित भएको छ । यी माथिका घटनाहरू प्रमुख प्रतिपक्षका नेताका विरुद्धका, प्रमुख प्रतिपक्ष केन्द्रित गतिविधि भएका छन्, विरुद्धका गतिविधि भएका छन् । आश्चर्यको कुरा के छ भने सम्माननीय अध्यक्ष महोदय, सत्ता र सरकार गठबन्धनका नाममा चलिरहेको छ। तर प्रमुख प्रतिपक्ष विरुद्ध सम्पूर्ण गतिविधि भइरहेको अवस्था छ । किन यस्तो भयो होला? यही गठबन्धनले दुई तीन ओटा बजेट ल्याइसक्यो, तर जनताको लागि यो चाहिँ सहुलियत दियौं र यो चाहिँ विशेष विकासको अभियान चलयौं भन्ने केही ल्याएको छैन । यो मैले आरोप मात्र लगाइरहेको छैन । मैले त्यो तल जनताले भोगिरहेकै कुरा गरिरहेको छु । नेपालका बैंकहरूले वास्तविक व्यवसायीलाई ऋण नदिने र ब्याज पनि कसेर लिने तर हाकाहाकी ऋण न तिर्नका लागि जनता भड्काउने व्यक्तिलाई किन ऋण प्रवाह गरिरहेका छन्? त्यस्ता व्यक्तिलाई ऋण प्रवाह गर्नु भनेको जनताको बचतको दुरूपयोग गर्नु हो । म प्रश्न गर्न चाहन्छु, ब्याज बेरोकटोक बढाउनको लागि नेपालका बैंकहरूलाई राष्ट्र बैंकले किन छाडा छोडिरहेको छ? नियन्त्रण किन गर्दैन? मैले यो राष्ट्र बैंकको गतिविधिको बारेमा धरै कुराहरू उठ्दा उठ्दै पनि यसले केही कुराहरू राखेका हुनाले, अहिलेसम्म मैले राष्ट्र बैंकको बारेमा केही खास कुरा उठाएको थिइनँ । तर अब राष्ट्र बैंकको गतिविधि माथि प्रश्न उठाउने बेला भएको छ । त्यो आठ, नौं प्रतिशत ब्याजमा लिएको ऋण सोह्र प्रतिशत पुग्दा पनि राष्ट्र बैंकले मूकदर्शक भएर बस्न मिल्छ ? बढाउने बेलामा डबल बढाउने र घटाउने बेलामा ०.५ देखि १ प्रतिशत घटाउने काम गरेको छ, यो जनताको आँखामा छारो हाल्ने काम गऱ्या छ । राष्ट्रियताको सवालमा भन्ने हो भने यो सरकार अत्यन्त कमजोर रह्यो, यो हामीले आरोप

लगाएको होइन । नेपालको कालापानी लगायतका हाम्रा क्षेत्रमा भारतका प्रधानमन्त्री आएर गतिविधि गर्छन् । यो सरकारले कुनै प्रश्नसम्म उठाउँदैन । कुनै note पनि जारी गर्दैन । राष्ट्रियताको सवालमा त अगाडि पनि धेरै प्रश्नहरू उठिसकेका छन् । मैले धेरै कुरा गर्न चाहन्नँ । विकास निर्माणका कामहरू ठप्प छन् । निर्माण व्यवसायीले आफूले काम गरेको रकम पाएका छैन । निर्माण व्यवसायी पनि आन्दोलनमा देखें । आफ्ना सबै equipment हरू लिएर सडकमा आन्दोलनमा आउनु भनेको दयनीय अवस्था हो, राज्यका लागि ।  यस बिचमा यो सरकार र राष्ट्र बैंकको गलत नीतिका कारणले व्यवसायीहरू धराशायी भएका छन् । व्यवसायीहरूलाई प्रोत्साहन हुने कुनै काम छैन । बरु उल्टै व्यवसायीलाई हरेक बहानामा हतोत्साही गरिएको छ । काठमाडौँलगायका देशका ठुला ठुला सहरहरूमा ४० प्रतिशत सटरहरू बन्द भएका छन् र हुन लागेका छन् भनेर भनिएको छ । यस पटकको दशैंमा जनताले चिनीसमेत पाउन सकेनन् । पाए पनि अत्यन्त महङ्गो र कालाबजारीबाट आक्रान्त भएको अवस्था छ । सरकारको सिफारिसमा राष्ट्रपतिले विभिन्न अपराधीलाई जेल मुक्त गरेका छन् । बानी चालचलन सुध्रिएको भनेर राष्ट्रपतिले छुट दिएका एक जना व्यक्ति पुनः हत्यामा संलग्न भई जेल परेका छन् । राष्ट्रपतिले सुध्रिएको भनेर छुट दिएका व्यक्ति पुनः रकम असुलीको र ज्यान मार्ने धम्कीको अभियोगमा पक्राउ परेका छन् । सम्माननीय अध्यक्ष महोदय, दिनदहाडै नेपालगञ्जको व्यस्त बजारमा चेतन मानन्धरको हत्या गर्ने व्यक्ति जो तरुण दलका हुन् । रिगल भन्ने योगराज ढकाललाई चालचलन सुध्रिएको भनेर राष्ट्रपतिले जेलमुक्त गर्नाले देशमा न्याय मरेको कुरा सबै जनतामा पर्न थालेका छ । र जनता आतंकित भएका छन् , जन असुरक्षा भढेको छ भने चेतन मान्नधरकी श्रीमती भारती  न्याय माग्दै लगातार अनसनमा बसिरहेकी छिन् । उनको कुरा सुनुवाइ भएको छैन । उनले सर्वोच्चमा गुहार पनि मागेकी छिन् । आफ्नो कुरा सुनुवाइ हुने गरी फैसला हुने छ भनी पर्खेर बसिरहेकी छिन्, हेरौं त्यो के निर्णय हुने रहेछ । यो सरकार सत्ता टिकाउन व्यस्त छ । प्रधानमन्त्री बारम्बार भनिरहेका छन् भने यो सरकार पूरै पाँच वर्ष टिक्छ । यो किन भन्नु परेको? किनभने यो सरकार सँधै धरमराइरहेको छ । हामीले के भनिरहेका छौं भने जुन दिन काँग्रेस चीर निद्राबाट बिउँझिदैन, त्यो दिन सम्म मुलुकको यो अवस्थामा परिवर्तन आउँदैन । काँग्रेस केही थान मन्त्री लिएर ड्यास् ड्यास् ड्यास् भनेको छु मैले को न्यानोमा बसिरहेको छ, रमाइ रहेको अवस्था छ । जनताले काँग्रेसलाई पहिलो पार्टी बनाए तर त्यहिँ पार्टी  निरीह अवस्थामा देखिन्छ । नेपाली काँग्रेसका सांसदहरूले कोशी प्रदेशबाट एउटा सन्देश दिइसकेका छन् । तर पनि यहाँ माथि सत्तामा बसेकाहरू न्यानो गरी बसिरहेका छन् । कोशी प्रदेशबाट सत्ता धरमराउँदा यहाँ मथि शेखर कोइरालालाई एउटा तमसुकमा सही गराइयो । त्यो आफैंमा हास्यास्पद विषय  थियो । चर्चा परिचर्चाको सन्दर्भमा

त्यो पानीको फोका जस्तो हराएर गयो । किनभने त्यो फगत आत्मसन्तुष्टिसिवाय के हुन सक्थ्यो र । हामी सबैलाई थाहा छ सबै समस्या यथावत् छ । यही गठबन्धनका प्रधानमन्त्रीले काँग्रेस पार्टी हो कि, क्लब हो कि के हो भने प्रश्न गर्नु हुन्छ । यति भन्दा पनि काँग्रेस लाचार भएर बसिरहेको छ । कोशी प्रदेशमा यहाँ एमालेलाई हटाएर सरकार बनाउन एउटा दबाब छ भने स्वयम् त्यहाँका मुख्यमन्त्री भनिरहेको हुन्छ । यसबाट यो दबाव दिएर उहाँहरूको कति जनाको समर्थनमा सरकार बनाउनुहुन्छ, दबाब दिनेलाई सोध्न मन लाग्यो । भ्रष्टाचार नियन्त्रणको ठुलो कुरा गर्ने यो सरकार आरजु देउवा, कृष्ण बहादुर महराका बाबुछोराका नाम आउनेबित्तिकै चुपचाप देख्यो । हरेक भ्रष्टाचारका काण्डको कुरा आउँदा आफू चोखो हुनको लागि प्रमुख प्रतिपक्षी दलका नेताका नाम लिइन्छ । म पनि यो रोस्टमबाट भन्न चाहन्छु हाम्रो पार्टीका अध्यक्ष तथा प्रमुख प्रतिपक्षी दलका नेताले प्रतिनिधि सभाको रोस्टमबाटै छानबिन गरेर देखाउनुस् भनेर challenge दिनुभयो त । त्यो challenge को तपाईंले समाना गर्नसक्नुभयो त? त्यो challenge को तपाईंको समाना गर्न सक्नुभयो त? किनभने यति, ओम्नी, गिरिबन्धु टि स्टेटको कुरा उठाउनेहरूले क्यान्टोनमेन्ट घोटाला काण्डको पनि छानबिन गरौं न त किन गर्न, भन्न नसकेको? किनभने उहाँहरूसँग कुनै नैतिक बल छैन । तस्करी गरिएको र जफत गरिएको एक सय केजी भनिएको सुन ६० केजी मा कसरी झऱ्यो? प्रश्न छ यसमा । यद्यपि यो छानबिन को दायरामा छ, छानबिन हुँदै होला, यो आशा गरौं । तर पनि यो जनताले प्रश्न उठाइरहेको छ । संक्रमणकालीन न्याय विधेयकको कुरा छ । TRC विधेयक भनेर भनिएको छ । यो सरकारले यस विषयमा सहमति जुटाउन सकेन । सर्वोच्च अदालतले दिएको आदेशको समेत ख्याल गर्दै पीडितको पक्षमा यो ऐन बन्नु पर्छ भनेर हामी भनिरहेका छौं । तर यो सरकारले यसको बारेमा आनाकानी गरिरहेको छ । यो छिटोभन्दा छिटो टुङ्ग्याउनुपर्छ भन्ने हाम्रो धारणा रहेको छ । सम्माननीय अध्यक्ष महोदय, पाँच महिनाको बिचमा जम्मा एउटा विधेयक मात्रै पारित भयो । यो दुई महिना, एक, दुई महिना सम्म पनि पछिल्लो हप्तामा केही कामहरू भएको छ, विधेयकको सन्दर्भमा । तर पाँच महिनाको अवधिलाई हेर्ने हो भने जम्मा एउटा विधेयक त्यही पनि संशोधन विधेयक पारित भएको छ, यो दुःखदायी कुरा हो । अब यो एक दुई महिनाको बिचमा केही विधेयकहरू अनुचित लेनदेनसम्बन्धी विधेयक, नेपाल विश्व विद्यालय विधेयक, आज बल्ल यहाँ आएको विद्युतीय कारोबार विधेयक जस्ता विधेयकहरू आए। तर सङ्ख्यात्मक रूपमा भन्नु पर्दा अत्यन्त न्यून सङ्ख्या हो यो । शिक्षा विधेयक, निजामती सेवा विधेयक लगायतका विधेयकहरू पनि यसै अधिवेशनमा पारित गर्नुपर्ने हो । तर भर्खरै मात्र संसद सचिवालयमा प्रतिनिधि सभामा मात्र आएको छ । आएर पनि विवादास्पद ढङ्गले आएको छ । यो विवादित अवस्थामा आएको छ । एकातिर संसदमा विधेयकहरू प्रस्तुत हुन्छ अर्कोतिर

सरकारले चाहिँ आन्दोलनकारीहरूसँग सम्झौता गर्छ । जब त्यो सदनमा आयो भने सदनको त्यसमा प्रतिनिधित्व हुनुपर्छ । सरोकारवालाहरूसँग छलफल गर्ने, सरोकारवालहरूसँग वार्ता गर्ने, सम्झौता केही गर्ने हो भनेदेखि, त्यो किन हो भनेदेखि त्यो चाहिँ अब विधेयकको संशोधनमार्फत आउने हुँदा सरकारले मात्रै गरेर पुग्दैन थियो । तर एकातिर संसदमा विधेयक ल्याएर अनि सडकमा आन्दोलन गरिरहेकासँग सरकारले सम्झौता गऱ्या छ । त्यो कति लागु हुन्छ हुँदैन, त्यो बेग्लै विषय हो । र यस बिचमा राष्ट्रिय सभाका सांसदहरूले ल्याएको राष्ट्रिय मर्यादासम्बन्धी विधेयक पारित भएको छ । विपक्षी दलले संसद अवरुद्ध गर्दा जनताका कुराहरू राख्न पाएन, विधेयकहरू ल्याउन पाएन भने गठबन्धन दलका सांसदहरू र यो सरकार हाम्रा धेरै ओटा सरकारलाई, हाम्रो धेरै ओटा बैठकहरू business नभएर सूचना टाँसेर स्थगित भएको कुरा थाहा हुनुपर्ने हो । यो कुरा यहाँहरूको लागि लज्जास्पद विषय हो कि होइन? किनभने विधेयक ल्याउन पाइएन भने, बोल्न पाइएन भन्ने कुराहरू उठाइरहँदाखेरि धेरैओटा हाम्रा बैठकहरू business नपाएर रोक्नु परेको छ, त्यस्तो स्थिति पनि भयो । त्यसका कारण समग्रमा भन्दाखेरि यसको समीक्षा, मूल्याङ्कन गर्ने हो भने अब यसलाई is equal to zero भन्दा नि हुन्छ । खासै ठुलो उपलब्धि यसले दिन सकेन । सम्माननीय अध्यक्ष महोदय, जे जे भए पनि अब यो संसदको आज अन्त्य हुँदैछ । र हामी अन्तिम बैठकमा छौं । दशैं सबैको रमाइलो नै भयो होला । यी सबै समस्याका बाबजुद पनि हाम्रा सम्मुखमा तिहार, छठ लगायतका पर्वहरू छन् । ती सम्पूर्ण पर्वहरूको उपलक्ष्यमा सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू लगायत सम्पूर्ण माननीयज्यूहरूमा म पार्टीको तर्फबाट, आफ्नो दलको तर्फबाट हार्दिक, हार्दिक शुभकामना व्यक्त गर्दै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रमेशजंग रायमाझी ।

(१४:११ बजे) **माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी राष्ट्रिय सभाको बैठक राष्ट्रिय सभा मात्रै नभएर संघीय संसदको बैठकको अन्तिम समय भएको कुरा सम्माननीय अध्यक्षज्यूमार्फत जानकारी प्राप्त भएको छ । यो बैठक हामीले भर्खरै दसैं सकेर दिपावलीको सुरु हुन लागेको छ । छठ पर्व अनि नेपाल संवत् जस्ता महत्त्वपूर्ण चाडहरू हाम्रा अगाडि आइरहेका छन् । त्यसमा सर्वप्रथम स्वदेशमा हुने नेपाली, विदेशमा हुने नेपाली सम्माननीय अध्यक्षज्यू, माननीयज्यू, सबै क्षेत्रमा काम गर्ने नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा यो पर्व मनाउनको लागि उत्साह र हौसला मिलोस् र सुस्वास्थ्य र दीर्घायुको

पनि कामना पनि गर्न चाहन्छु । वास्तवमा यो आज हामी ४८ औं बैठकमा छौं । चौधौं अधिवेशनको ४८ औं बैठकमा छौं । हामी निर्वाचनमा जाँदै गर्दा, निर्वाचनमा गएर जनताका बिचमा जाँदै गर्दा हामीले गठबन्धनले भनेकै हौं र अरू राजनीतिक दलले पनि भनेकै हो । हामी गठबन्धनको सरकार गठन गर्छौं । र गठबन्धन गर्नलाई स्थायी सरकार बनाउनको लागि मत दिनुस् । र हामी स्थायित्व कायम गर्छौं भनेको थियौं । तर केही समयको लागि हाम्रो गठबन्धन टुट्यो । किनभने नेपाल कम्युनिष्ट पार्टी एमाले जो आज प्रतिपक्षमा छ । त्यो अस्थिरतासँग धेरै रमाउँछ । उदाहरणको लागि अहिले कोशी प्रदेश भएको छ । नेपाली काँग्रेसको एउटा माननीयलाई बोकेर, नेपाली काँग्रेसको प्रदेश सभाको एउटा माननीयलाई बोकेर, त्यो माननीयलाई पार्टी भित्रको विभाजनको स्थिति सिर्जना गराउन, पार्टीभित्र खेल्नलाई अहिलेको प्रतिपक्ष धेरै रमाएको देखिन्छ । किनभने आफू सरकार बनायो प्रदेशमा, कोशी प्रदेशमा अदालतमा गएर अदालतमा चाहिँ stay order जारी गराएर परमादेशको सरकार, अरूले परमादेशको सरकार चलायो भनेर सदनमा गुन्गानको स्वर निकाल्ने प्रतिपक्ष आफैं पनि कोशी प्रदेशमा परमादेशको सरकार जारी गरेर, त्यो सरकार बनाएर विश्वासको मत लिन नसकेपछि हाम्रो पार्टीको एउटा माननीयलाई बोकेर खेल्ने अस्थिरताको कायम गर्ने काम कोशीबाट सुरु भएको छ । अहिले प्रचार गरिन्छ । बागमती प्रदेशलगायत सुदूरपश्चिम प्रदेशसम्म र केन्द्रीय संघीय सरकारलाई सम्मन् हल्लाउने कुराहरू उठाउने काम गरिँदै छ । किनभने नेकपा एमाले भन्ने पाटी अस्थिरतासँग रमाएको देख्छु मैले । त्यसैले पनि म वहाँहरूलाई धेरै आरोप लाउन चाहन्नँ । वहाँहरूले गरेको व्यवहारबाट सबै प्रष्ट छँदै छ । र हामीले शान्ति सुरक्षा कायम गर्नुपर्छ सरकारमा बसेपछि, यो हाम्रो महत्त्वपूर्ण दायित्व हो । र विकासका कुराहरूलाई हामीले जोड्दै जानुपर्छ सरकारमा बसेको पार्टीले सरकारमा बसेका सरकारले, यसको जिम्मेवारी लिनुपर्छ ।

त्यसकारण अहिले दिनदहाडै मान्छेलाई गोली हानेर हत्या गर्ने काम भइरहेको छ । त्यस्ता हत्याराहरूलाई सरकारले तुरुन्त पक्राउ गरी कानुनी कारबाही गरेर कठघरामा उभ्याउने काम र सयाज दिलाउने काममा सरकार लाग्नुपर्छ ।

र सुशासनको कुरो, सुशासनविना मुलुकको उन्नति हुँदैन, सक्दैन, प्रगति हुन सक्दैन । र मान्छेको जीविका अगाडि बढ्न सक्दैन । त्यसकारण सुशासनमा सरकारले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । सरकारले गरेका कामहरू सरकारले आफैंले सबै चिज गर्ने हैन । सरकारले नीति बनाउने हो, पोलिसीहरू बनाउने हो । त्यसलाई implement गर्ने नै धेरै संघ संस्थाहरू हुन्छन् । जस्तोः राष्ट्र बैङ्कको आज कुरा उठिरहेको छ । हिजो सय किलो सुन पक्राउ गरियो,

त्यो सुन कहाँ गयो? कसले छानबिन गऱ्यो? गठबन्धनले छानबिन गऱ्यो कि? गठबन्धनका माननीयहरूले छानबिन गरे कि? गठबन्धनको सरकारले छानबिन गऱ्यो कि? त्यसको त्यो पगाल्ने काम त सरकारको होइन नि । राष्ट्र बैङ्कको हो । राष्ट्र बैङ्कलाई जिम्मा दिएको छ । राष्ट्र बैङ्कमा गभर्नर कसलाई, कसको पालामा नियुक्ति गरिएको गभर्नर हुन्छ अहिले पनि । कसले गऱ्यो त्यहाँ छानबिन? कसले त्यो पगाल्ने काम गऱ्यो? किन कसरी कसरी पगाल्दाखेरि एउटै चिज हुन्छ । १०० केजी नापेको चिज ४ किलो नौनी पगाल्दाखेरि घिउ बन्दाखेरि ४ किलो नि हुन्छ । हामीलाई थाहा छैन । त्यसकारण पगाल्दाखेरि त्यसको weight घट्छ । त्यहाँ अरू पनि चिजहरू थिए । अरू पनि सामग्रीहरू थिए । त्यहाँ रबरहरू थिए । ती निकाल्दै गर्दाखेरि त्यसमा पनि राष्ट्र बैङ्कको जस्ता संस्थालाई आज सरकारलाई आरोप लाउने नाममा राष्ट्र बैङ्कजस्तो संस्थालाई हामीले आरोप लाइरहेको छौं । प्रतिपक्षको भूमिका त्यो होइन । एक्लै सरकारले यो मुलुकको परिवर्तन गर्न सक्दैन । त्यसकारण मैले बारम्बार योभन्दा अगाडि रोस्टमबाट वैशाख २४ गते पनि भनेको थिएँ, मैले आफ्नो अभिव्यक्तिको सिलसिलामा सरकारलाई गलत बाटोमा हिँड्दाखेरि सही track मा ल्याउने काम प्रतिपक्षको हो । सही बाटोमा ल्याउने काम प्रतिपक्षको हो । तर प्रतिपक्ष संसद अवरोध खडा गरेर चाहिँ आफूले बहादुरी गरेको ठान्छ । त्यो बहादुरिता होइन । असरी जसरी आज कुरा राखियो । विगतमा राखियो । घन्टौं घन्टौं रोस्टममा गएर बोलिँदै छ । त्यसरी कुरा राख्दा राम्रो होइन । त्यसकारण त्यो खालको अभ्यास हामीसँग भएन । सरकारमा हुँदाखेरि एउटा मापदण्ड, सरकार गएपछि अर्को मापदण्डले यो मुलुकको अस्थिरता कायम हुन सक्दैन । त्यसकारण नेपाल कम्युनिष्ट पार्टी एमाले भनेको एउटा सशक्त प्रतिपक्षको भूमिकामा छ । आज उसको सकारात्मक भूमिका हुन पर्छ । मुलुकको परिवर्तन गर्ने हो भने यो मुलुकलाई, यो मुलुकमा ल्याएको गणतन्त्रलाई स्थायित्व दिने हो भने । अहिले गणतन्त्रको विषयमा प्रश्न उठाइरहेका छन् । गणतन्त्रको विषयमा कुराहरू उठिरहेको छ ।

केही राजावादी नाममा, अहिले एक जना दुर्गा प्रसाईंको नाम आयो । हामीले बोकेको दुर्गा प्रसाईं होइन । गठबन्धनले बोकेको दुर्गा प्रसाईं होइन । हिजो नेपाल कम्युनिष्ट पार्टी एमालेले बनाएको केन्द्रीय सदस्य हो दुर्गा प्रसाईं । हाम्रो पार्टी साधारण सदस्यता पनि होइन । त्यसकारण हिजो कस्तो मान्छे बोक्नुपर्थ्यो । कस्तो मान्छे बोकियो भनेर एकपल्ट त्यसको बारेमा समीक्षा गर्नुपऱ्यो । आज त्यही दुर्गा प्रसाईं काउसो भएको छ । हिजो खान भनेर ल्याएको काउसो आज मुखको चारैतिर पोलिरहेको छ आफैंलाई । त्यसकारण पनि कस्ता

मान्छे, कस्ता चरित्र भ'का मान्छेलाई बोक्दाखेरि हिजो अरूलाई गाली गर्दाखेरि रमाइलो लागेको थियो । आज आफैंलाई आरोप प्रत्यारोप गर्दाखेरि आज मलाई अनौठो लागिरहेको छ ।

त्यसकारण पनि सही अभ्यासमा जानुपर्छ भन्ने मेरो आग्रह हो विशेष गरेर र विकासको कुरामा एक जना मन्त्रीज्यूले नै अस्ति भन्नुभयो कि काला बजारियालाई नियन्त्रण गर्न सकिएन । सरकारको काम हो नियन्त्रण गर्ने । तपाईं गर्न सक्नुभएन भने छोड्नुपर्छ सरकार । मन्त्रीबाट हट्नुपर्छ नैतिकताको रूपबाट पनि । तपाईंको जिम्मेवारी तपाईंले पूरा गर्न नसक्ने हो भने मन्त्रीमा बसिराख्न पाइँदैन । शान्ति सुरक्षा कायम गर्न सकिँदैन भने गृहमन्त्रीले बसिराख्नु पाइँदैन । मेरो प्रष्ट कुरा छ । त्यसकारण जिम्मेवारी पदमा बसेका मान्छेले एउटा गैरहिसाबले कन्ट्रोल गर्न सकिँदैन भनेर भन्नु हुँदैन । आफ्ना संयन्त्रहरू प्रयोग गर्नुपर्‍यो । संयन्त्रहरू परिचालन गर्नुपर्‍यो । संयन्त्रहरू परिचालन गरेपछि चाहिँ संयन्त्रले काम गरेसी किन रोकिँदैन । त्यसकारण रोकिन्छ । रोकिने कुरामा सरकारको सक्रियता मिलेका हुनुपर्‍यो भने मलाई लागिरहेको छ ।

अब जहाँसम्म हाम्रो कुरा छ । हाम्रो संविधान संघीयतालाई यदि हामीले बलियो बनाउने हो भने हामीसँग ४ दर्जनभन्दा बढी कानुनहरू बनाउन बाँकी रहे । ती कानुनहरू समयमा बन्नुपर्थ्यो । सरकारले ल्याउन सकेन । शिक्षा विधेयक ल्यायो । शिक्षा विधेयक संसदमा सरकारले टेबुल गरिसकेपछि त्यो property संसदको property हो । त्यो संसदको अधिकार हो । हिजो नै को कोसँग, सरोकारवालासँग सम्झौता गर्नुपर्थ्यो । त्यतिखेर गरेका भा' हुन्थ्यो । छलफल गरेका भा' हुन्थ्यो । तर सरकारले संसदमा ल्याइसकेपछि त्यो संसदलाई छलफल गर्न दिनुपर्छ । संसदले गर्ने हो सम्बोधन, आवश्यकता संसदले ठान्छ भने गर्छ, गर्दैन भने त्यत्तिकै जान्छ त्यसलाई । त्यसकारण र निजामती विधेयक ल्याउने होइन भन्दाभन्दै ल्याइएन । सम्पत्ति शुद्धीकरण विधेयक कता हरायो? त्यसकारण यो टीआरसी जुन सङ्क्रमणकालीन न्यायको कुरा छ । त्यो विधेयकहरू आउनुपर्ने । हामी १७ वर्ष भइसक्यो । गिरिजा प्रसाद र प्रचण्डको बिचमा सम्झौता भएको । त्यो विधेयक हामीले अहिले पनि address गर्दैनौं । त्यसैमा हामी अल्मलिएका छौं । हामी विकास र शान्ति सुरक्षाको बाटो पहिलाउन सकिरा'को छैनौं । आर्थिक समृद्धिलाई अगाडि बढाउन सकिरहेको छैनौं । कहीं अगाडि बढ्न लाग्यो कि त्यही कुराहरू उठिरहेको हुन्छ । त्यसैको भुमरीमा हामी घुमिरहेको देखिरा' छु मैले । त्यसकारण यो संविधान भित्र रहेका कानुनहरू यो अधिवेशनमा धेरै कानुनहरू बन्नुपर्थ्यो, बन्न सकेन । तीनटा कानुन यो राष्ट्रिय सभाले पास गरेर पठायो । एउटा कानुनको रूपमा मिटरब्याजी जुन अनुचित लेनदेनको विषय हो । अर्को मर्यादाको सम्बन्धमा भनेर । आज भर्खरै पास भएको जुन छ,

विद्युतीय व्यापार विधेयक, राष्ट्रिय सभाले तीनटा विधेयकलाई पास गरेर पठाएको छ । यतिले मात्रै पुग्दैन थियो । हामीले चाहेको चिज यो संसदबाट minimum पनि १५ देखि २० ओटा विधेयकहरू पास भएर जानुपर्छ भन्ने हाम्रो चाहना थियो । कानुनको अभावले एउटा अपराधीहरू छुट्नु हुँदैन । कानुनको अभावको कारणले न्याय पाउनुपर्ने मान्छेले न्याय नपाउन अवस्था सिर्जना हुनुहुँदैन । त्यसकारण सरकारले आफ्नो जिम्मेवारीबाट यो अधिवेशनमा चुकेको छ । त्यसकारण पनि सरकारले आगामी आउँदो अधिवेशनमा हिउँदे अधिवेशन जसलाई हामीले विधेयक अधिवेशनको रूपमा पनि लिन्छौं । त्यो अधिवेशनमा सरकारले अहिलेदेखि नै सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन गरेर ती विधेयकहरू संसदमा आउनुपर्‍यो । सदनमा सांसदहरू आउने जाने क्रम भइरख्छ । प्रतिनिधि सभामा पाँच वर्षमा आउने जाने हुन्छ । राष्ट्रिय सभामा दुई वर्षमा जाने हुन्छ । हामी सम्माननीय अध्यक्षज्यू सँगसँगै हामी २० जना माननीयज्यूहरू पर्सी २० गते फागुन २० गते बिदाई हुँदै छ । हामीले मलाई त ..... कति साथीहरूलाई के ला' छ थाहा छैन । मलाई त आफू आफू म कार्यकालमा बसेर सत्तापक्षको पनि नेताको हैसियतले काम गर्न पाइयो र प्रतिपक्षको नेताको हैसियतले पनि काम गर्न पाएँ । त्यो मेरो लागि सौभाग्य हो । र आफूले यो सदनमा बसेर काम गर्दै जाँदाखेरि कुनै पनि कलङ्क बोकेर जानुपर्ने अवस्था आएन । त्यसकारण आफूले पाएको जनताले दिएको जिम्मेवारी मेरो पार्टीले दिएको जिम्मेवारी मैले कुशलतापूर्वक पूरा गरेको छु भन्ने मैले ठानेको छु । र यो सङ्क्रमणकालीन न्यायको लागि टुङ्गोमा नपुर्‍याउने हो भने हामीले संघीयतालाई बलियो बनाउन सक्दैनौं । त्यसकारणले नेताहरूको अभिव्यक्ति पनि यस्तो आउँछ । एक दिन बिहान बसेर चिया खाँदा एउटा अभिव्यक्ति आउँछ । बेलका सुत्ने बेलामा अर्को अभिव्यक्ति आउँछ । शीर्ष पार्टीका शीर्ष नेताहरू बसिसकेपछि बिनानिर्णय उठ्नुहुँदैन, बस्नुहुँदैन, बसिसकेपछि निर्णय गरेर निक्लिनुपर्छ । के भयो त भन्दाखेरि अर्को बैठमा थाहा हुन्छ । कति ओटा बैठक बसेपछि थाहा पाउने जनताले? जनता आज राजनीतिक पार्टीहरूसँग चिढिएको अवस्था छ । बिचलित भएको अवस्थामा छन् । हामी पठाएका नेता त्याग गरेका नेता, बलिदान गरेका नेता, समर्पण गरेका नेताहरू किन यस्तो भयो भनेर आज जनताहरू आफैंमा त्यसको खोजी गर्न लागिरहेका छन् । र हामीले हाम्रो नेतालाई पनि भन्न सकिरहेको छैनौं कि जस्तो लाग्छ मलाई । बाहिर समाज के भइरहेको छ? बाहिरी दुनियामा के भइरहेको छ । बाहिरी दुनियाँले के चाहिरहेको छ, त्योबारेमा हामीले हाम्रो नेतालाई गएर भन्छौं कि भन्दैनौं? हामी भनिरा'को जस्तो छैन । हाम्रो सङ्ख्या के छ? हामी कुन स्थितिमा छौं भनेर भन्छौं कि भन्दैनौं? त्यसकारण म आग्रह गर्न चाहन्छु । हाम्रो नेतालाई थाहा नभएका कुराहरू बाहिरी संसार थाहा नभएका कुराहरू, प्रचण्ड प्रधानमन्त्री हुनुहुन्छ । हाम्रा नेताहरू मन्त्रीहरू हुनुहुन्छ । साथी भाइहरू मन्त्री हुनुहुन्छ ।

कहिलेकाहीँ गाडी चढेर झन्डा हल्लाउँदै गरेर असन चोक निक्लेर आलुको भाउ के छ? प्याजको भाउ के छ? सागको भाउ के छ भनेर बुझे हुन्छ नि । कालीमाटीमा गएर कहिलेकाहीँ यसो गाडी चढेर के छ भनेर बुझे हुन्छ नि । जिराको भाउ के छ? चिनीको भाउ के छ? चिनी पाइन्छ कि पाइँदैन । यसो साधारण एउटा jacket लाएर मान्छेजस्तो साधारण जनताजस्तो भएर गएर बुझे हुन्छ नि । जनता कुन स्थितिमा छ आज जनतालाई हेर्ने कि नहेर्ने? हामी मात्रै ८/१० ओटा राजनीतिक पार्टीमा केन्द्रीकृत भएर मात्रैले पुग्छ कि पुग्दैन? यतिले मात्रै पुग्दैन । हिजो हामीलाई जनताले साथ दे'को कारणले ०४८ साल, ०४६ सालको जनआन्दोलनमा सफल भयौँ हामी । ०६२/०६३ को जनआन्दोलनमा सफल भयौँ । त्यसकारण हामी सबैले विचार गर्नुपर्ने परिस्थिति मैले देखेको छु । र यो सरकारलाई कुनै छुट छैन । हिजोको सरकारले गल्ती गरेको हो । गल्ती गरेको हो र काम गर्न नसकेको कारणले यो सरकार गठन भएको हो । यो सरकार कहीँ कतै छुट छैन । यो सरकारले NO, BUT भन्न पाउँदैन । यो सरकारले जनताको समस्यालाई पूरा दत्तचित्त भएर रातदिन भएर यो काम गर्नुपर्छ भन्ने मलाई लाग्छ । यदि यसो नगर्ने हो भने यो सरकारप्रति पश्न उठ्न थालेको छ । त्योभन्दा बढी प्रश्न हुन थाल्छ । त्यसकारण यो धेरै कुराहरू यी भए ।

र विपिन जोशी इजरायलमा हमासको बम आक्रमण गर्दाखेरि बम फालेको बम पक्रेर उतै फर्काउँदाखेरि उनी चाहिँ हमासको नजरबन्दमा छन् । हिजो मात्रै नजरबन्दमा छन् भन्ने इजरायल सरकारको statement बाट आएको छ । त्यहाँ दस जना नेपालीहरूको चाहिँ आक्रमणबाट मृत्यु भएको छ । पाँच जनाको शव आइसकेको छ । पाँच जनाको आउनै बाँकी छ । ती मृत्यु हुने नेपाली दाजुभाइहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । मेरो दलको तर्फबाट, मेरो तर्फबाट र वहाँका परिवारहरूप्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु । र विपिन जोशीको शीघ्र रिहाईको लागि सरकारसँग आह्वान गर्छु । र सरकारलाई पनि विशेष धन्यवाद पनि दिन चाहन्छु । इजरायलमा आक्रमण भएपछि केही नेपालीहरू, नेपाल आफ्नो देश फर्किनको लागि तयार हुँदाखेरि सरकारले निर्णय गरेर परराष्ट्र मन्त्रालयको मन्त्री नेतृत्वमा स्वयम् परराष्ट्र मन्त्री आफैं गएर उद्धार गरेर लिएर आउनुभयो २५३ जना ती नेपाली दाजुभाइलाई । त्यसको लागि सरकारलाई धन्यवाद दिन्छु र सरकारको धेरै ठाउँमा आलोचना भइरहेको बेलामा यो एउटा नमुनाको रूपमा जुन कार्य गरेको छ । यस्तै कार्य गर्नको लागि सरकारमा हौसला प्रदान होस् । र यस्तो काम गर्ने खालको लागि उत्साह सरकारमा बढोस् भन्ने पनि चाहन्छु ।

र यो राष्ट्रिय मर्यादा विधेयकको कुरा आइरहेको छ । यहाँ धेरै खालका कुराहरू आए । काठमाडौं महानगरपालिकाका मेयरलाई कहाँ झार्दै छन् यिनीहरूले भनेर पनि आयो ।

हामीले कुनै व्यक्ति हेरेर विधेयक बनाउने होइन । कुनै मान्छे हेरेर विधेयक बनाउने होइन । कसको popularity के छ भनेर विधेयक बनाउने होइन । यो विधेयक कानुनले के भन्छ? यसको के छ यसको प्रावधानहरू के छ? विगतको प्रावधानहरू के छ? त्यसलाई हेरेर त्यसलाई टेकेर सबै राजनीतिक दलका नेताहरू, माननीयज्यूहरू सबैले छलफल गरेर यसलाई एउटा निष्कर्षमा पुऱ्याएको हो हामीले । र यसको राष्ट्रिय सभाबाट पास भएको यो मर्यादा विधेयक राष्ट्रिय विधेयक प्रतिनिधि सभामा पुगेको छ । प्रतिनिधि सभाले यसलाई टेबुल गरेन र द्वन्द्व उब्जाउने काम गऱ्यो भने भोलि प्रतिनिधि सभाबाट पास भएका विधेयकहरू पनि र यसलाई अगाडि बढाएन भने यो राष्ट्रिय सभाले पनि ती विधेयक अगाडि नबढाउने खालको द्वन्द्वको स्थिति सिर्जना प्रतिनिधि सभाले नगरोस् भन्ने म चाहन्छु । किनभने यो दुइटा सदनको आफ्नै आफ्नै अस्तित्व छ । एउटाले अर्काको सदनको अस्तित्व अस्वीकार गऱ्यो भने अर्को सदनले पनि त्यो विषयमा सोच्न पर्ने बाध्यता हुन सक्छ ।

र अलिकति राष्ट्रिय सभालाई उपेक्षित गरेको पनि पाउँछु म । प्रतिनिधि सभा र राष्ट्रिय सभाको बिचमा, आज राष्ट्रिय सभा, हिजो प्रतिनिधि सभा विघटन हुँदै गर्दाखेरि राष्ट्रिय सभा अध्यक्ष हो नि जीवित थियो नि राष्ट्रिय सभा तर सरकारले बजेट राष्ट्रिय सभामा ल्याउनलाई उ कहीं कतै उपयुक्त ठानेन । राष्ट्रिय योजना आयोगको हलमा गएर बजेट पढ्ने काम गऱ्यो केही कर्मचारीहरू राखेर केही मान्छे विज्ञहका नाम केही मान्छेहरू बोलाएर, केही पार्टीका मान्छेहरू बोलाएर । संघीय संसद भन्ने र यो स्थायी सदन हो भन्ने तर यसको अस्तित्व अस्वीकार्य हो भने राष्ट्रिय सभा गठन गर्दाखेरि नेताहरूले सोच्नुपर्थ्यो । संविधान बनाउँदा सोच्नुपर्थ्यो । यो राष्ट्रिय सभा भनेको थन्क्याउने dumping site होइन । यो राष्ट्रिय सभामा पनि आफ्नो राजनीतिक जीवनमा धेरै राम्रो काम गरेको, धेरै इतिहास पुऱ्याएको र धेरै जेल जीवन बिताएका मान्छेहरूको प्रतिनिधित्व गर्छ । त्यसकारण पनि प्रतिनिधि सभाले यो हेक्का राखे हुन्छ । यो राष्ट्रिय सभा छाया होइन प्रतिनिधि सभाको । त्यसकारण यो राष्ट्रिय सभाको महत्त्व जति छ, प्रतिनिधि सभाको पनि त्यति नै हुन्छ र अरूलाई जसरी इज्जत दियो, सम्मान दियो, आफ्नो पनि इज्जत सम्मान त्यसरी नै बढ्ने हो । त्यसकारणले प्रतिनिधि सभाका नेताहरूले राष्ट्रिय सभाप्रतिको पूर्वाग्रह राख्ने काम चाहिँ बन्द होस् भन्ने पनि म चाहन्छु ।

र अन्त्यमा म कोशी प्रदेशको अलिकति कुरा उठेको छ र माननीयज्यूले पनि झापाबाटै प्रतिनिधित्व गर्नुहुन्छ म मोरङबाट प्रतिनिधित्व गर्छु । कोशी कै दुइटा माननीय भएको कारणले पनि अलिकति confusion भए जस्तो लाग्यो । हामीले हिजो पनि केन्द्रमा सरकार बनाउँदाखेरि हाम्रो गठबन्धनको नेता प्रचण्डलाई नेकपा एमालेले चोरेर लग्नुभा' थियो । अहिले त्यसरी नै

हाम्रो नेतालाई त्यसरी नै चोरेर लगेको हो तपाईंले र जसरी तपाईंहरूलाई पनि प्रचण्डले सरकारमा सँगै जाऊँ भन्नुभा' थियो । अहिले पनि तपाईंहरूलाई हामीले सँगै जाऊँ भनेकै हो तर सँगै जाने नाममा अरूलाई चाहिँ निषेध गरुम् भन्ने होइन । तपाईंहरू मात्रै सरकारमा जाने, तपाईंहरूलाई मात्रै सरकारमा लाने भनेको होइन । अरू हामीसँग रहेका गठबन्धन त्यहाँ सङ्ख्या कसैको पनि पुग्दैन । किनभने हामीहरूले नि दुईपल्ट मुख्यमन्त्री बनाइसक्यौं । तपाईंहरूले पनि दुईपल्ट मुख्यमन्त्री बनाइसक्नुभो' । र नपुगेको कारणले पटक पटक सरकार परिवर्तन भएको हो । त्यसैले पनि त्यहाँ सङ्ख्या नपुगेकोले अहिलेको आर्थिक मन्दीको अवस्थामा हामी निर्वाचन चाहँदैनौं, निर्वाचनमा नजाऊँ । जनताले संघीयताको विषयमा प्रश्न उठाइरहेको बेलामा यो विषयमा फेरि संघीयताको विषयमा फेरि प्रश्न उठ्न सक्छ । त्यसकारण यो प्रश्न उठाउने काम हामी नदिऊँ । हामी जिम्मेवार राजनीतिक दलको हैसियतले सबै मिलेर त्यहाँ सरकार चलाऊँ भनेको हो । त्यसको लागि हामीले आह्वान गरेको हो तपाईंहरूलाई ।अब हाम्रो बिचमा कुनै उ छैन । हाम्रो नेताहरूको बिचमा डाक्टर शेखर कोइराला र पार्टी सभापतिको बिचमा कुनै तुस छैन । तपाईंहरूले लगाएको झगडाले हामी झगडा गर्नेवाला छैनौं । हामी .....को आगो ताप्नेवाला छैनौं । हामी अग्राखकै आगो ताप्ने मान्छे हौं । हामीले अग्राखको आगो कसरी ताप्नुपर्छ भनेर .....को आगो ताप्ने र परालको आगोग ताप्ने हामी कुचेष्टा गर्दैनौं । संसद अवरुद्ध खडा गरेर बहादुरी गरेको नठानौं । यसरी नै संसदमा आएर आफ्ना कुराहरू राखेर बहादुरी ठानौं । जनताका कुराहरू राखेर बहादुरी ठानौं । त्यो चाहिँ बहादुरी हो । सरकारका कमीकमजोरीहरू छन् । त्यसलाई मैले पनि सरकारको एउटा गठबन्धनको सदस्यको हैसियतले म स्वीकार्छु । तर त्यसलाई सच्याएर लानुपर्छ भन्नेमा म छु ।

त्यसैले अघि एक जनाले भनेजस्तै यो हमासका नियन्त्रणमा भएका विपिन जोशीलाई तुरुन्त रिहा गर्न पुनः माग गर्दै छायाँनाथ गाउँपालिकामा अज्ञात व्यक्तिद्वारा मारिएका श्रीदेवी बोहरा र दुइटा छोरा र छोरीप्रति पनि हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु । र अन्तमा पुनः फेरि एकपल्ट यी आउँदा चाडबाडहरूले हामी सबैलाई सद्बुद्धि दिउन् । हामी सबै असल कर्ममा लागौं भन्ने शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य जयन्ती देवी राई ।

(१४:३३ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, यतिबेला हामी चौधौं अधिवेशनको समापनतर्फमा हामी छौं । मलाई लाग्छ यो ऐतिहासिक अधिवेशन हामीले सम्पन्न गरेका छौं । र माननीयज्यूहरूले भन्नुभएजस्तै यतिबेला हामीले चौधौं अधिवेशनसम्म केही पनि काम भएको छैन भन्ने मलाई चैं लाग्दैन, धेरै महत्त्वपूर्ण कामहरू हामीले गरेका छौं । जहाँ हामीले सबैभन्दा विधेयकहरूलाई, ३ ओटा विधेयकहरूलाई जसले, यो कहिले पनि नआएको विधेयकहरू, जहाँ राष्ट्रिय मर्यादा विधेयक यति धेरै महत्त्व राखेको विधेयक, अहिले यसले देशभरि नै चर्चा पाएको छ ।

र अर्को विधेयक भनेको विद्युतीय, जुन चैं अहिले नयाँ तत्काल technical एकदम, यो विधेयक यसलाई पनि हामीले पारित गरेका छौं र नेपाल विश्वविद्यालय । र त्यसकारणले महत्त्वपूर्ण विधेयकहरू हामीले पारित गऱ्यौं । र हामीले यसैबिचमा जातीय छुवाछुतको सङ्कल्पको प्रस्ताव हामीले पारित गरेका छौं । र हामीले यो संसारकै समस्याको रूपमा रहेको, बढ्दै गएको आर्थिक सङ्कटको सार्वजनिक महत्त्वको प्रस्ताव पनि हामीले, राष्ट्रिय सभाले पारित गरेका छौं । र योभन्दा धेरै गर्न सकिन्थ्यो तर पनि हामीले केही पनि नगरेको भने चैं होइन । र यसको लागि म सबैभन्दा पहिला सम्माननीय अध्यक्षज्यूलाई धन्यवाद दिन चाहन्छु, उपाध्यक्षज्यूलाई । किनभने हामीलाई आफ्नो जिम्मेवारीलाई पटक पटक उहाँहरूले encourage गर्ने, सल्लाह दिने, सुझाव दिने, एउटा सन्तुलित भूमिका निर्वाह जुन गर्नुभो', उहाँहरूप्रति म आभार व्यक्त गर्न चाहन्छु ।

र म त्यो साथसाथै माननीयज्यूहरूले भन्नुभएजस्तै सुदूरपश्चिममा अध्ययनरत, विश्वविद्यालयका कृषि सङ्कायमा अध्ययनरत १० जना विद्यार्थीहरूको जुन हमासको आक्रमणबाट मारिएको छ र विद्यार्थीहरूप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । र बेपत्ता भएको विपिन जोशीको उद्धारको निम्ति सरकारले तदारुकताको साथ कदम चालोस् भनेर म आग्रह गर्न चाहन्छु ।

र यसै गरी जनकपुरको जुन, जनकपुरको चैं यहाँ जुन अहिलेसम्म पनि अघि पनि कुरा आएको छ । घर परिवारबाट, जनकपुरको आरती साहलाई आफ्नो घर परिवारबाट दाइजो नल्याएको नाममा निर्मम कुटपिट गरेर, परिवार सबै मिलेर कुटपिट गरेर २ महिनाको गर्भवती महिलालाई मारेको छ । र ती मारिने आरती साहको सबै परिवारहरू आमा, बुवा, दाजुभाइ, दिदीबहिनीहरू सबै आएर अहिले माइतीघर मण्डलामा बसेका छन्, न्याय माग्दै बसेका छन्, अपराधीलाई छिटो कारबाही गर भनेर । आज उनीहरू त्यहाँ आमरण अनशन बसेको १४० दिन भइसकेको छ । तर पनि आज सरकारको ध्यान त्यहाँ गएको छैन । त्यसकारणले

अपराधीहरूलाई अनुसन्धान गर्ने, कारबाहीको दायरामा ल्याउने, साथसाथै उनीहरूलाई त्यो सडकबाट चाँडोभन्दा चाँडो उठाउने व्यवस्था गरियोस् भनेर म गृहमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु र सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

र यसरी नै मुगुमा ४ जनाको हत्या भएको छ । हत्याप्रति म निन्दा गर्न चाहन्छु र उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सरकारले अपराधीहरूलाई चाँडोभन्दा चाँडो कारबाही, कठघरामा उभ्याइयोस् भन्ने पनि म यहाँ आग्रह गर्न चाहन्छु ।

यतिबेला र यसरी नै बझाङमा जुन भूकम्प गएको छ, अहिलेसम्म पनि त्यहाँका जनताहरू पालमा बस्न बाध्य रहेको छ । र त्यसप्रति पनि उनीहरूलाई सुरक्षित बसोबासको व्यवस्था गरियोस् भनेर म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

र हामीलाई थाहा छ, यतिबेला यो देश धेरै कुराहरूबाट सङ्कटमा छ । सायद इतिहासमा मलाई लाग्छ यतिको सङ्कट बेहोरेको थिएन होला यो देशले, जनताले । अझ भ्रष्टाचारको त्यतिकै एकदम दब दब र सुशासन, भ्रष्टाचार त्यति मात्रै नभएर अहिले महँगीले जनताहरूको चैं एकदमै आक्रान्त बनाइरहेको स्थिति । र चाडबाड भित्रिरहेको बेलामा महँगीले एकदमै धेरै जनताहरूलाई चैं सताइरहेको स्थिति, चिनीसम्म खान नपाउने अवस्था र यहाँका भएका चिनीमिलहरू बन्द भइरहेको स्थिति, उखुको मूल्य किसानहरूले नपाएर आन्दोलन गरिरहेको अवस्थाले गर्दा पनि सायद यो हुन सक्छ । त्यसकारणले आज उत्पादन गर्ने किसानहरूले आफ्नो मूल्य नपाउने, आज बजार सारा दलालहरूको कब्जामा हुने, अनि नेपाली जनता त्यसको मारमा पर्न पर्ने र चाडबाड भित्रिँदै गरेको बेलामा अहिले पनि जनताहरूले सुलभ ढङ्गले उचित मूल्यमा खान पाउने व्यवस्था गर्नुपर्दछ सरकारले । यसको ध्यान म आकर्षण गराउन चाहन्छु । र त्यति मात्रै होइन आज हरेक खाद्यान्नहरूमा विषादी पदार्थहरू मिसिएको कारणले उनीहरूको स्वास्थ्यप्रति पनि त्यतिकै असर पारिरहेको हुनाले त्यसको गुणस्तरीय जाँच्न पर्ने आवश्यक रहेको छ र अहिले यो काम पनि सरकारले गर्नुपर्दछ भन्ने मलाई लाग्छ ।

र अहिले गठबन्धनको सरकार, आज गठबन्धनको सरकार मात्रै होइन कि आज सर्वदलीय, सर्वपक्षीय सरकारको जरुरी छ यो देशलाई । यति धेरै समस्याहरूलाई हेर्ने हो भने सर्वपक्षीय सरकारको आवश्यकता छ । त्यसकारणले पनि गठबन्धनको सरकार भनेर यसलाई त्यति धेरै औंला उठाउनुपर्ने जरुरी छ जस्तो मलाई लाग्दैन । र सबैभन्दा गर्न सक्ने काम थियो होला, नेपाली जनताहरूले यतिबेला सरकारलाई औंला ठड्याइराखेको छ, विभिन्न प्रश्नहरू सोधिरहेको छ र यो देशमा अन्योलताको वातावरण छ । तर यति हुँदा हुँदै पनि ऐतिहासिक महत्त्वपूर्ण काम भने हिजो नभएको कामहरू आज जसरी भ्रष्टाचारको जुन उजागर भयो, चाहे त्यो

सुन काण्ड होस्, चाहे भुटान शरणार्थी काण्ड होस्, यसले केही राहत नेपाली जनतालाई दिएको छ । यसप्रति चैं म सरकारलाई धन्यवाद पनि दिन चाहन्छु । र अझै पनि अपराधीहरू अझै पनि कानुनको कठघरामा हामीले उभ्याउन सकिएको छैन, सजाय दिन सकिएको छैन, आज खालि सानातिना अपराधी मात्रै होइन, आज ठुलठुला अपराधीहरूलाई पनि खोज्न पर्ने र आज कानुनी सजाय दिलाउनुपर्ने जरुरी छ ।

र अहिले यो कानुन ल्याउने कुरामा अघि माननीयज्यूहरूले भन्नुभो', धेरै कानुनहरू नआएर यो देश अस्तव्यस्त भएको छ । चाहे त्यो स्थानीय तह सञ्चालन गर्ने कुरा होस्, अहिलेको संघीयतालाई बलियो बनाउने कुरा होस्, कर्मचारीको व्यवस्थापनका कुरा होस् । विकास निर्माणलाई जुन speed मा लानुपर्ने हो, यो कानुन नबन्नाले धेरै बाधा अवरोधहरू गरेको हामीले देखेका छौं । त्यसकारणले आज सरकारले सबैभन्दा यो मुलुकमा यो सञ्चालन गर्ने ऐनहरू ल्याउनको निम्ति म एकदमै ध्यानाकर्षण गराउन चाहन्छु । र आउने अधिवेशनमा सरकारले यसप्रति पनि ध्यान दिनुपर्दछ । र हाम्रो सबैको दायित्व, आज राजनीतिक पार्टीहरूको दायित्व यो मुलुकमा सुशासन र जनताहरूलाई सहज ढङ्गले बाँच्न पाउने र उनीहरूको अधिकार सुरक्षित गर्न पाउने, जहाँ कि आज सबैभन्दा मौलिक अधिकारहरू प्राप्त भएको यो देश विश्वका सबैभन्दा तर एउटा पनि अधिकार सुरक्षित नभएको देशभित्र पर्दछ । यी कुराहरूलाई हामीले मध्यनजर गर्नैपर्छ र हामीले संविधानलाई आज कार्यान्वयनको विषयमा लान पर्ने जरुरी छ । र दिन प्रतिदिन राष्ट्रियतामाथि हस्तक्षेप भइरहेको दिनदहाडै यसप्रति पनि आज सरकारको ध्यान जान जरुरी छ भन्दै म अन्तिममा यो आइरहेको तिहार, छठ पर्वहरूको सन्दर्भमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरू र यहाँ सम्पूर्ण माननीयज्यूहरू र सम्माननीय अध्यक्षज्यू, उपाध्यक्षज्यूलगायत सम्पूर्ण सम्पूर्णमा म हार्दिक मङ्गलमय शुभकामना दिँदै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव ।

**(१४:४४ बजे) <u>माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिले आज चौधौं अधिवेशनको अन्तिम बैठकमा छौं हामी । सबभन्दा पहिले त दशैं भर्खर वितेको छ, रमाइलै भयो होला । खालि गुलियो खान पाउनुभएन होला सबैजनाले । किनकि चिनी पाउँदै पाउँदैन कतै । र आउँदो तिहार, भाइटिका, छठ, समाचखेवा र गौ पूजा आदिको एकदम रमाइलो होस् सम्पूर्णमा शुभकामना दिन चाहन्छु ।

र सबभन्दा पहिले त म माता लक्ष्मीसँग यो प्रार्थना गर्न चाहन्छु कि जति बेइमानहरू, भ्रष्टाचारीहरू, कालाबजारीयाहरू छन् तिनीहरूको घरबाट प्रस्थान गरी सोझासाझा नेपाली जनताको घरमा चाहिँ आगमन होस् भन्ने प्रार्थना गर्न चाहन्छु । अब म यो दुईटा कुरा, यो सरकारले सुन्नमा आएको छ, कि गिट्टी, बालुवा, ढुङ्गा विदेश निकासी गर्ने चाहिँ ऐन ल्याउँदै छ रे, सुन्नमा आएको हो । अहिलेसम्म त संसदमा दर्ता भएको छैन । Cabinet मा छ रे, cabinet बाट, विधेयक समितबाट पनि पास भयो रे । त्यो पहिले, योभन्दा पहिलेको सरकार अहिले प्रतिपक्षमा हुनुहुन्छ । त्यतिखेरको सरकारले पनि ल्याउन प्रयास गरेको थियो । त्यतिखेर म, हाम्रो दल पनि अहिले सत्ता गठबन्धनमै छ । त्यतिखेर सत्ता गठबन्धनका ठुला दलका ठुला नेताहरूले चाहिँ त्यतिखेर भन्याथे कि आफ्नो घरमा आगो लगाएर खरानी बेचेर पैसा ल्याउनु, चाहिँ त्यस्तो कुरा गरेका थिए । तर के हो? के हो? हाम्रो नेपाली राजनीतिमा सत्तामा भएपछि एउटा कुरा, सत्ता बाहिर भएपछि अर्कै कुरा । यो चाहिँ गिट्टी, ढुङ्गा, बालुवा यदि विदेश निकासी हुन थाल्यो भने चुरे सखाप हुन्छ । चुरे त सखाप हुन्छ हुन्छ, महाभारत range पनि सखाप हुन्छ र तराईका जग्गा जमिनहरू मरूभूमिमा परिणत हुन्छ । त्यसैले यस्तो, यो चाहिँ ऐन ल्यायो भने निश्चित रूपमा मधेशमा ठुलो चाहिँ के हुन्छ, के हुन्छ, आगो बल्छ । म यो सरकारलाई चाहिँ आग्रह गर्न चाहन्छु, किनकि अहिले नै गर्मी सिजनमा यो चैत, वैशाखतिर जनकपुरमा ground water level जो एक सय फिट भन्दा थियो । त्यो चार सय, पाँच सय फिट तल गएको थियो, विरगञ्जमा पनि त्यस्तै थियो, पानीको हाहाकार थियो । र यस्तो आयो भने ढुङ्गा निकासी, विदेश निकासी हुन थाल्यो भने निश्चित रूपमा महाभारतसम्मको ढुङ्गा बच्दैन, किनकि बिचौलियाहरूको यसमा धेरै चलखेल हुन्छ । त्यसैले यो ऐन चाहिँ आउनुहुँदैन भनेर म जोडदार माग गर्दछु । म आफ्नो दलको तर्फबाट, आफ्नो तर्फबाट आगाह गर्न चाहन्छु सरकारलाई । महँगाईको त कुरै न गरौं । चिनी त पाउँदै पाएन कतै । र हिजै, म sun city पेप्सीकोलातिर बस्छु । एउटा पसलमा प्याजको चाहिँ मोल सोधें, कति १४० रुपैंया किलो भन्यो । त्यही अर्कोमा १३०, कसैमा १२२ माने एक त महँगो त महँगो छ, त्यसमा पनि एकरूपता छैन । किन त्यस्तो भइरहेछ, त्यो चाहिँ सरकारले चाहिँ महँगाइमा विशेष गरी सरकारले त ध्यान त दिनै पर्छ । यो जनता चाहिँ एकदम आक्रान्त छ, यो महँगाइबाट । महँगाइबाट सरकारले जनतालाई राहत दिओस् । त्यतातिर कदम चालोस् यही आग्रह गर्न चाहन्छु ।

र अर्को कुरा, यो भर्खर हाम्रो प्रतिपक्ष दलका नेताले चाहिँ निर्माण व्यवसायीहरू आफ्नो औजारहरू लिएर चाहिँ विरोधमा उत्रे । वास्तवमा चाहिँ उनीहरूले लगाएको, गरेको, काम गरेको पनि पैसा पाएको छैन । त्यसैले उत्रिए । र त्यसैले गर्दा त्यसमा पनि त्यो अघिल्लो

सरकार, प्रतिपक्षको बेलाको सरकारले पनि त्यसमा चाहिँ केही त्यस्ता त्यो स्थिति ल्याउनमा चाहिँ केही गऱ्या छ । किनकि जति पैसो हुन्छ, त्यतिकै न ठेक्का लगाइन्छ । त्यो बेलामा जति भएभरको एकैचोटिमा उद्घाटन गर्ने, भएभरको योजनालाई एकै चोटि ठेक्का लगाइदिने । र ठेकेदारहरूले काम गर्दै गए । अलि अलि काम गर्‍यो र त्यसपछि पैसो छैन । त्यसैले त्यही बेलादेखि नै यो स्थिति आएको हो । म खासगरेर हुलाकी सडकको सम्बन्धमा पनि भन्न चाहन्छु । हुलाकी सडक सरकारको चाहिँ मधेशतिर जुन एउटा हुलाकी सडक एकदम मधेशको life line हो । त्यो हुलाकी सडक पुल बन्या छ, रोड बन्या छैन । कतै कतै चाहिँ मुद्दा परेर, कतै घर तोड्या थिएन, सडक ठिक गऱ्या थिएन । त्यतिखेर ठेकेदारहरूले चाहिँ त्यहाँ छोडेर गयो । र त्यो ठाउँमा अब चाहिँ जस्ताको त्यस्तै छ । त्यसले गर्दा चाहिँ सरकार त्यतातिर हुलाकी सडकमा पैसा चाहिँ विदेशको पैसा हो, भारत सरकारले पैसा दिएको छ, पहिलेदेखि दिएको छ । अहिले नेपाल सरकारले चाहिँ त्यो गरिरहेको छ । पैसा चाहिँ त्यहाँबाट आएको हो त्यो । त्यसैलै त्यो चाहिँ अब किन त्यो सडकलाई एकदम अलिकति काम बाँकी छ । २०७६ सालमा नै पुरा हुनुपर्थ्यो, अहिले २०८० साल चलिरहेको छ । त्यसैले त्यो बाँकी भएको काममा तुरुन्त चाहिँ त्यो पुरा गर्नुपऱ्यो । र अर्को धेरै माननीयज्यूहरूले शून्य समयमा पनि र यताबाट पनि रोस्टमबाट पनि आरती साहको विषयमा चाहिँ कुरा उठाउनुभएको छ । वास्तवमा दाइजोको कारणले उहाँको ससुराली पट्टिको मिलेर ससुरा, सासु, नन्द कसले कसले मिलेर चाहिँ ससुरालीपट्टिका मान्छेहरूले उसको हत्या गरेका हुन् । र उनीहरू उसको माइतीपट्टिको मान्छेहरू बाबु अरु सबै चाहिँ यता बसेर माइतीघर मण्डलामा चाहिँ अनसन गरिरहेका छन् । तर सरकारले सुनिरहेको छैन, किन त्यो चाहिँ त्यतातिर एकदम निश्चित रूपमा सरकारले त्यो चाहिँ उनीहरूसँग वार्ता गरेर त्यो दोषीहरूलाई न्यायको कठघरामा खडा गरियोस् । र कडाभन्दा कडा सजाय उनीहरूलाई दिओस् भन्ने आग्रह गर्न चाहन्छु ।

अर्को कुरा यो अनुचित लेनदेनसम्बन्धी विधेयक हामीले पास गऱ्यौं । निश्चित रूपमा मिटरब्याजीहरूबाट पिडितलाई राहत दिनको लागि गऱ्या थियौं । तर ठाउँ ठाउँमा उसको चाहिँ दुरूपयोग भइरहेको छ । त्यतातिर सरकारले चाहिँ ध्यान दिएर त्यो चाहिँ त्यो विधेयकको ऐनको चाहिँ दुरूपयोग नहोस् । दश साल पहिले, २० साल पहिले जग्गा बेचिसकेको लेनदेन पुरा भइसकेको, त्यस्ताले पनि चाहिँ मिटरब्याजीमा चाहिँ निवेदन हालेर चाहिँ जग्गा किन्ने जग्गाधनीहरूलाई परेसान गरिँदै छ । त्यतातिर चाहिँ सरकारको ध्यान जानुपऱ्यो त्यो विधेयकको, त्यो ऐनको चाहिँ दुरूपयोग हुनुहुँदैन । र अर्को कुरा अब, यो सरकारले चाहिँ शिक्षा विधेयक, निजामती सेवा विधेयक अरु विभिन्न विधेयकहरू जो संघीयतालाई मजबुत गर्नको लागि

विधेयकहरू आवश्यकता थियो । त्यही विधेयकहरू चाहिँ अहिलेसम्म त्यही पास भएको छैन । आठ वर्ष भइसक्यो । हामी संघीय गणतन्त्र नेपाल भन्दै छौं । त्यसमा संघीयतालाई मजबुत पार्नको लागि जो विधेयकहरू चाहिन्छ, त्यो विधेयकहरू अहिलेसम्म पास भएको छैन । प्रदेश सरकार के गरौं, के गरौं चाहिँ योजना बाँड्ने चाहिँ पहिलेको जो चाहिँ जिल्ला विकास समिति चाहिँ जुन थियो । त्यो सरह नै भएको छ, कुनै अधिकार छैन । गृह मन्त्री छ तर एउटा हवलदार पनि टेर्दैन । त्यसैले त्यो विधेयकहरू चाहिँ संघीयतालाई मजबुत पार्ने जुन विधेयकहरू छ, त्यो चाहिँ ल्याउनुपर्‍यो । नत्र संघीयताको विपक्षमा पनि धेरै जनमतहरू चाहिँ उकास्ने कामहरू भइरहेको छ । त्यसैले संघीयतालाई मजबुत पार्ने विधेयकहरू ल्याउनुपर्‍यो । TRC विधेयक, सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक त्यो पनि आउनुपर्दछ । र अन्तमा म, हमासद्वारा इजरायलमा जुन नेपालीहरू दिवङ्गत भएका छन् । तिनीहरूप्रति आफ्नो तर्फबाट र आफ्नो दलको तर्फबाट चाहिँ श्रद्धासुमन अर्पण गर्न चाहन्छु । र विपिन जोशीलाई नेपाल सरकारले कूटनीतिक पहल गरी छिटोभन्दा छिटो उहाँलाई पनि रिहा गराउने प्रयास चाहिँ, प्रयास गरोस् र उहाँको जीवन यता नेपाल ल्याओस् भन्ने आग्रह गर्दै र फेरि सबैलाई शुभकामना दिँदै बिदा हुन चाहन्छु। धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य शेखर कुमार सिंह ।

**(१४:५६ बजे) <u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल)</u>**ः- सम्माननीय अध्यक्षज्यू, हामी दशैं बिताएर आएका छौं । र शुभदिपावली, छठलगायतका पर्वहरू अगाडिका दिनमा छन् । सम्माननीय अध्यक्षज्यूलगायत, माननीय उपाध्यक्षज्यू, माननीय सांसदज्यूहरू, साथै सम्पूर्ण नेपालका दाजुभाइ, दिदिबहिनीहरू, देश, विदेशमारहेका नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा यस पर्वले सबैलाई सुख र शान्ति छाओस् भन्ने शुभकामना दिन चाहन्छु, म आफ्नो तर्फबाट पनि, म आफ्नो दलका तर्फबाट पनि । सम्माननीयज्यू, मैले सप्तरीमा वि.सं. १९९९ मा जब हनुमाननगर कट्यो, त्यतिखेर नै सप्तरी जिल्लाका सदरमुकाम राजविराज सर्‍यो । त्यतिखेर hospital को नाउँमा खडा गर्‍या सप्तरी जिल्ला अस्पताल विगतका सरकारहरूले गजेन्द्र नरायण सिंह अञ्चल अस्पतालको नाउँमा कायम गरिए तापनी, अझ पनि स्वास्थ्यका किताबखानामा सप्तरी जिल्ला अस्पतालकै नाउँमा पचास bed को नाउँमा दर्ता छ । त्यसलाई स्वास्थमन्त्रीज्यूले नेपाल सरकारको मार्फत, सम्माननीयज्यूको मार्फत मैले आग्रह गर्न चाहन्छु । यथाशीघ्र त्यसमा ध्यान जाओस् । र सगरमाथा अञ्चलबासीलाई त्यो सेवा दिदैं

आएको अञ्चल अस्पताललाई अञ्चलस्तरीय कायम गरियोस् भन्ने म माग राख्न चाहन्छु । म धन्यवाद दिन चाहन्छु सरकारहरूलाई जसले कि एउटा रामराजा प्रसाद सिंह स्वास्थ विज्ञान प्रतिष्ठान खडा गर्नुभएको छ । जग्गा पनि प्राप्ति भइसक्या छ । बिचबिचमा केही बजेटहरू पनि गए, केही director हरू पनि गए । म आशा राख्या छु यो सरकारहरूबाट पनि यथाशीघ्र रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पनि सञ्चालनमा आउला भनी हामी आशा गर्‍या छु । साथै नेपालका चर्चित नहरमध्ये चन्द्र नहर पनि आउछ । जो चन्द्र नहरबाट हामी गाँसिएका छौं । यी रोस्टमबाट मैले सपथ ग्रहण लिएकै दिन सायद चन्द्र नहरको बारेमा मैले बोल्या थिए । म नेपाल सरकार लगायत जापान सरकारलाई धन्यवाद दिन चाहन्छु । जापान सरकारले त्यो नहरलाई पुनर्निर्माण गर्न, सम्पूर्ण Japanese सरकारको सहयोगमा सम्झौता भएर आएको छ । सम्बन्धित मन्त्रीज्यूबाट पनि मैले धेरै आशा राख्या छु । माननीय मन्त्रीज्यू पनि सक्षम हुनुहुन्छ । तर मैले दशैंमा जाँदाखेरि, त्यो area घुम्दाखेरि, त्यो एउटा हल्का झिल्को जो पाएँ, त्यो अलिकति मलाई सन्तोषजनक लागेन । त्यो थियो, जुन चाहिँ जापान सरकारले लिएर जाइकामार्फत काम गराउन आयो, त्यहाँ चाहिँ कतै न कतै दलगत हिसाबमा निर्माण व्यवसायीहरू परिचालन हुन्छ भने कुरोको गुनासो जुन आउन थालेको छ । यसमा सरकारले बेलामै सचेत हुनुपर्ने आवश्यकता देखेर मैले आज यो कुरो उठाएँ । र जुन सरकारले सदाशयताबाट दिएको कुरो, यसलाई सम्पूर्ण जनताले सदुपयोग गरोस् भन्ने मेरो चाहना छ । अगाडिका साथीहरूले पनि हुलाकी सडकको कुरो उठाइसक्नुभएको छ । हुलाकी सडक होइन सम्माननीयज्यू, वीपी राजमार्गमा पनि पुल निर्माण गर्दैछ । त्यसको दुईतिरका approach route हरू खतरामुक्त हुने अवस्थाको छैन, diversion हरू use गर्दा । जबकी त्यो निर्माण व्यवसायीहरू त्यो diversion को लागि कति वर्ष छ, रकम पाउँछ? त्यो tender मै code हुन्छ । अब सरकारको तर्फबाट राज्यमन्त्रीजी यहीं हुनुहुन्छ । मैले उहाँलाई ध्यानाकर्षण गराउन चाहें । सायद छिटोभन्दा छिटो त्यसका diversion हरूको मर्मत सम्भार भएर, हामी सर्वसधारण जनताले जो आवत-जावत गरिराख्या हुन्छौं । त्यसलाई सहज होस् भन्ने मैले आशा र उम्मिद राख्या छु । साथै नेपालको एउटा इजरायल सच्चा मित्र राष्ट्र हो । इजरायलका पनि सच्चा मित्र राष्ट्र नेपाल हो, उ पनि निश्चित हो । त्यसैकारणले कृषि विश्वविद्यालयबाट त्यही आशा र भरोसाका साथ गएका हाम्रा नेपालीहरू, जो हमासका चपेटामा परेर दिवङ्गत हुनुभएको छ । त्यसप्रति मैले श्रद्धासुमन अर्पण गर्दै, म र आफ्नो पार्टीको तर्फबाट पनि । र विपिन जोशीजी जसलाई उनीहरू अनधिकृत रूपमा नियन्त्रणमा राख्या छ । उसलाई पनि नेपाल सरकारले उद्धार गरेर ल्याउँछ भन्ने उम्मिद गर्‍या छु । साथै सरकारलाई धन्यवाद यसमा दिन चाहन्छु कि सम्माननीयज्यू, नेपालीले कम्तीमा परराष्ट्र मन्त्रीज्यूको नेतृत्वमा गएर २५३ जना नेपालीलाई उद्धार गरेर

ल्याएको छ । यो स्वागतयोग्य कुरो छ । त्यसको लागि म परराष्ट्र मन्त्रीलगायत सम्पूर्ण सरकारलाई म धन्यवाद दिन चाहन्छु । यस्तै सबै ठाउँमा ध्यान पुगोस् भने आशा पनि गऱ्या छु । मुलुक त आर्थिक चपेटामा छ, सम्माननीयज्यू, के गरौं, भन्नै पर्छ । हामी पनि सरकारी पक्षनै छौं, हामी पनि सरकारमा नै छु, नभएको होइन । तर के गरौं? चिनी खोज्दा खोज्दै हैरान चिनी पाएन । माननीयज्यूले प्याजको सुनाइदिहाल्नु भो । जुन जीरा छ सय रुपैंयामा पाइराख्या थियो, त्यो जीरा अहिले चौध सय रुपैंयामा पाउन गाह्रो । आखिर भइ के राख्या छ यो? सम्पूर्ण कुरो त हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूलाई नै हेर्ने होइन । सम्बन्धित विभागका मुलुकमा मन्त्रीज्यूहरूले ध्यान दिएदेखि त यस्ता समस्याको समाधानहरू पनि हुन्छ, र नेपाली जनता मारमा पनि पर्दैन, यसका लागि पनि मैले सरकारलाई ध्यानाकर्षण गराउन चाहें । साथै हामी कुनै अपराध चाहिँ गऱ्या छैन जस्तो जस्तो लाग्छ सम्माननीयज्यू। संघीय संरचनामा हामी दुईटा सदनात्मक सदन छ । नेपाली संविधानले दिएको हो । राष्ट्रिय सभा, प्रतिनिधि सभा, कहिले पनि हामी एकले अर्कोलाई बुझ्या छैनौं । उहाँ प्रति राष्ट्रिय सभाले जहिले पनि प्रतिनिधि सभाप्रति अगाध आस्था र श्रद्धा राख्दै हामी आएको छु । र अहिले भर्खरै हामीले जो पास गऱ्या छौं मर्यादा विधेयक, कुनै एउटा राष्ट्रिय सभाले आफूलाई मात्र गऱ्या होइन । यो त एउटा परिपाटी अन्त्य गरिदिन खोज्या हो । परिपाटी अन्त्य गर्न अगर अपराध हो भने हामी अपराधी छौं । यसलाई कानुनसम्मत बनाइदिन लाग्या हो, हामीले । कसैको मान मर्दन गऱ्या छैनौं । त्यसैकारणले यस्ता कुरोहरू राष्ट्रिय सभामा पास हुने वितिकै प्रतिनिधि सभाले पनि यसलाई सहर्ष स्वीकार्य गर्नुपर्थ्यो, जो कि आज हुन सकेन । यो अलि दुःखद पक्ष नै हो । यस्तो चाहिँ न होस् । हामी त जहिले पनि दाजुभाइ जस्तै मिलेर आएको छु, र मिलिनै रहन्छु । यसमा चाहिँ आज भएन होला तर आगामीको दिनको बैठकहरूमा सच्चि रहनुहुन्छ भने मैले उम्मिद र आशा राख्या छु । साथै सम्माननीयज्यू, आपराधिक गतिविधि बढेकै छ अलिकति, नबढ्या होइन । कुनै आजै बढ्या होइन अहोरात्र बढ्या होइन । ठाउँ, ठाउँमा स्कुलमा पसेर गएर headmaster लाई गोली मारदिने, मुगु जस्तो बस्तिमा निहत्था आमा, छोरा, छोरीलाई गोली अज्ञात समूहले मारेर हिँडिदिने । अब एकसय उनन्चालिस, चालिस दिनदेखि यी माइतीघर मण्डला एउटा हामी यस्तो थलो बनाइदिएको छु कि सबै पीडित आएर त्यहीँबाट गुहार मागेर न्याय खोज्ने थलो चाहिँ, न्याय नपाए गोरखा जानु जस्तै उखानको एउटा ..... यो हुन लाग्या छ जस्तो लाग्यो । त्यस्तो चाहिँ नभइरहोस् । आरती साह जस्तो पीडितहरूले सबैले न्याय पाउन् । सरकार निश्चित रूपमा यस्ता प्रति सजग भएर यस्ता अपराधीहरूलाई कठोरदेखि कठोर कारबाही गरिन्छ भने म उम्मिद गऱ्या छु । सम्माननीयज्यू मलाई सम्झना छ । म अहिले पनि मिटरब्याज उल्लेख गर्दिन हाम्रो सदनमा, गरिसकें । अनुचित कारोबारको लेनदेनसम्बन्धी विधेयक हामीले

सुरु गराएको थियो । तर यसो जिल्ला तिर जाँदाखेरी अलिकति त्यो अनुचित कारोबारमा आफ्नो बाटो बिरायो जस्तो लाग्यो । त्यो बाटोमा ल्याएदिने काम पनि सरकारकै हो । हामी जुन speed देखि आएको छु, त्यो speed लाई ध्यान दिओस्  सरकार पनि र हामीलाई पनि त्यसैले ध्यान दिओस्  । हामीलाई सुन्नमा आएको छ, यो सत्यता के हो त्यो त बुझ्न सक्दिन । चुरेको बारेमा मैले उठाउँदा, उठाउँदा, कराउँदा, कराउँदा थकित चाहिँ भइसक्या छैन, उठाउदै रहन्छु बसुञ्जेलसम्म । यो जो चुरे clean गर्ने साटो त कहाँ गयो, कहा गयो ?  यो ढुङ्गा, गिट्टि, बालुवाको बडा दुई, तीन दिनदेखि बडा तेजीमा यो स्वरहरू आएको छ । अगर यस्तो भयो भने त,  यो चुरे त महाभारत पनि जान्छ । तराई मात्र होइन, यो २२ ओटा जिल्ला मात्र, यो भित्रि मधेश पनि वञ्चित रहँदैन । अहिले नै त हामी खानेपानीको समस्या कहाँ गइसक्या छौं । जहाँ १८ फिट, २० फिटमा आउने पानी आज तीनसय फिटमा पनि आइराख्या छैन । यस्तालाई कसरी हेरिदिने । त्यसमा पनि सरकारको ध्यान जाओस् । अगर कुप्रचारै होस् त्यसमा त यो कुप्रचारमै सिमित रहोस्, म भन्न चाहन्छु । साथै हामी संघीयताको नाउँमा त सातओटा प्रदेश त खडा गऱ्यौं । खडा कुनै आज गऱ्या होइन । गणतन्त्र नेपाल आउनेबित्तिकै यो सातओटा प्रदेश खडा गऱ्यौं । त्यसको प्रतिनिधित्व गरेर हामी पनि आइसक्या छौं । हामी संघीयताकै प्रतिनिधित्व गरेर आएको छु यहाँ । तर आजसम्म  प्रदेश सरकारहरूको अवस्था के छ त? हामी प्रदेश ऐन किन जारी गर्न सक्या छैनौं?  उनीहरूलाई अधिकारसम्पन्न किन बनाउन चाहदैनौं? यो कुरो बुझ्न सकिएन । किन ऐन छैन उनीहरूको हातमा? न प्रहरी ऐन छ, न शिक्षा ऐन छ । बल्ल, बल्ल लोक सेवा पाएको छ उनीहरूले । Result गर्ने बेलामा कहाँ कहाँबाट के निक्लिएन भने त्यो result आउन सक्दैन, रोक्का भइहाल्छ । यस्तो कुरोहरूको पनि पुनरावृत्ति नहोस्, यसलाई पनि म ध्यानाकर्षणकै रूपमा राखें । साथै सम्माननीयज्यू, अगर प्रदेश बनाएका छौं भने अधिकार त दिनै पर्छ हामीलाई । अधिकार दिऊँ, अधिकार दिएर हामी कसैलाई बेफाइदा हुँदैन । तीन तहकै सरकार हामीले परिकल्पना गऱ्या छौं । तीनै तहको सरकार राम्रोसँग काम गऱ्यो भने नेपाल र नेपालीकै हितमा काम गर्छ, अरुको हितमा होइन । नेपाल र नेपालीकै हितमा उनीहरूसँग दृढसङ्कल्पित भएर आएको छ । र नेपाल र नेपालीकै हितमा काम गर्नुपर्छ । उनीहरूले बाटो बिरायो भने हामीले त सम्झाउने ठाउँ त छँदै छ नि । त्यसैकारणले उहाँहरूलाई अधिकार दिनमा हामी कञ्जुस्याँई नगरौं । हामी अधिकार दिऊँ । हामीले जति पनि पटक पटक सुन्दै आएको छु । अब चाहिँ नेपाल र नेपाली राम्रो ठाउँ र गतिला ठाउँमा जान्छ । म आशा राख्या छु, निश्चितै गरेर गतिला ठाउँमा जान्छ । यसरी हामीले remittance मा भर पर्दै गयो भने नेपाल र नेपाली कहिलै पनि गतिला ठाउँमा जान सकिदैन । सँगै सम्माननीय अध्यक्षज्यू, म कोशीकै मान्छे हुँ । कोशी टप्पु आरक्ष बन्या छ

त्यहाँ । कोशी टाप्पु आरक्षको नाउँमा जग्गा अधिग्रहण भएको छ । कति जना त अधिग्रहण भएका त पाए । जसले लालपुर्जा भोगेको जग्गा छ, अधिग्रहण पनि भइसक्या छ । उनीहरूले जोतखन पनि गर्न पाउँदैन, compensation पनि पाउँदैन । यो कहिले पाउने हो त? यो कहिले गरिदिने हो त? एक त किसानलाई त्यो समस्या, अर्को समस्या हामी यस्ता बेलामा पनि खेती गर्छौं । जब काट्ने बेला हुन्छ त कहिले गणेशजीको प्रभाव पर्छ । कहिले निलगाईको प्रभाव पर्छ । हामी ती बेल्टमा भाग्यले कति सञ्चित गरेर ल्याउन सक्छु त्यसको ठेगान छैन । यो रोस्टमबाट मैले कतिपल्ट भनिसक्या छु । अहिलेसम्म त्यसका समुचित व्यवस्थापन हुन पाएको छैन । त्यति मात्र होइन, अब त त्यहाँका किसानले गाईवस्तु राख्न पनि अपठ्यारो भइसक्यो । उता जङ्गलमा अर्ना छ । अर्नाका राँगा बिस किलोमिटर, पच्चिस किलोमिटर दक्षिणतर्फ आएर पनि गोरुगाडा टप्पु भन्ने ठाउँहरूमा पनि भैंसीहरूको त जातै वर्णसङ्कर भइसक्या छ । अलिकति छाया पऱ्यो भने अर्नाको बच्चा भनेर कोशी टप्पुले समातेर लगिदिन्छ । आफ्नो क्षेत्रमा समात्यो भने त ठिकै छ । यो कोशी टप्पुको पन्ध्र किलोमिटर, दश किलोमिटर दक्षिण गएर पनि यस्ता समात्न थाल्यो भने त किसानसँग पशु कहाँबाट हुन्छ । या त सबै पशु जिम्मानै लिइदिए हुन्थ्यो । त्यसका पनि सञ्चित व्यवस्थापन भएका छैन । यो व्यवस्थापन हुनुपर्छ । हामी अस्ती पनि भर्खरै एउटा समितिबाट स्थलगत रूपमा ..... मसिना किसिमले गरेर ..... को रहेछ । त्यस्तै यसका पनि समाधान होस् भन्दै म आफ्नो दुई शब्द यहीं अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा ।

**(१५:१५ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी चौधौं अधिवेशनको ४८ औं बैठकमा छौं आज । र यो अन्तिम बैठक हुने घोषणा भएको छ । र सर्वप्रथम म इजरायलमा पढ्न गएका विद्यार्थीहरू जो त्यहाँको द्वन्द्वमा परेर १० जनाको ज्यान गयो । वहाँहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । र विपिन जोशी जो महासको कब्जामा छन् । (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीयज्यू त्यो माइक बन्द गर्नुस् । ..... ज्यू ।) उनलाई शीघ्रातिशीघ्र उद्धार गरेर सकुशल नेपाल ल्याउनको लागि सरकारले पहल गरोस् भन्ने मैले अनुरोध गर्न चाहन्छु । इजरायल र हमासको द्वन्द्वमा युद्ध सुरु भएदेखि अहिलेसम्म १४ सयभन्दा बढी इजरायली र ८ हजार ५ सयभन्दा बढी प्यालेस्टाइनीहरूको मृत्यु भइसकेको छ । त्यहाँको स्थिति अत्यन्तै भयावह छ । २४ देशका १ सयभन्दा बढी

नागरिकहरूको हत्या भएको छ । २२ जना पत्रकारहरूको हत्या भएको छ । र यो युद्धविराम छिटोभन्दा छिटो युद्ध विराम गरेर त्यहाँका सर्वसाधारण नागरिकहरूलाई तिनीहरूको बाँच्न पाउने अधिकारको ग्यारेन्टी गर्नको लागि मैले आग्रह गर्न चाहन्छु । तर यसको लागि रुसले संयुक्त राष्ट्रसंघमा त्यहाँको महासभामा युद्ध विरामको लागि लगेको प्रस्तावलाई अमेरिका, बेलायत, फ्रान्स र जापानजस्ता देशहरूले हस्तक्षेप गरेर त्यसलाई चाहिँ निष्तेज बनायो । यसले के देखिन्छ भने कतै अघोषित रूपमा विश्वयुद्धतिर त जाँदै छैन । यो अत्यन्त गम्भीर कुरा आइरहेको छ । त्यसैले यस खालको स्थितिलाई चाँडैभन्दा चाँडै रोकेर शान्ति स्थापनातिर विश्व समुदायको ध्यान जाओस् । र विश्व जनसमुदाय तेस्रो विश्वयुद्धको भुमरीमा पर्न नपरोस् भन्ने मैले कामना गर्न चाहन्छु ।

र ..... हामीले हेर्दा १९४८ सम्म इजरायल भन्ने देशै थिएन । यहुदीहरू राज्यविहीन थिए । देशै थिएन उनीहरूको । उनीहरूलाई त्यहाँ लगेर राखियो प्यालेस्टाइनमा र त्यो उनीहरू बसेको भूभागलाई इजरायल नामकरण गरियो । र अहिले आएर पहिला ८ प्रतिशत भूभागमा इजरायलीहरू बसोबास गर्थे । र अन्य भागमा प्यालेस्टाइनीहरू थिए । अहिले हुँदा हुँदा आएर १० प्रतिशत भूभागमा मात्रै प्यालेस्टाइनीहरू छन् । अरू सबै इजरायलले कब्जा गरेको छ । हामीले प्रत्यक्ष रूपमा हेर्दा यहाँ हमासले त्यहाँ आक्रमण गरेको कारण हाताहात भयो भनेर हामीले देख्छौं । त्यो अहिलेको प्रकट रूपमा तर वास्तवमा त्यसको इतिहास उ गर्दा यो हमासको एउटा विद्रोह हो । त्यो विस्फोट हो । निरन्तर दशकौंदेखि इजरायलले प्यालेस्टाइनीमाथि जुन किसिमले ज्यादती गरेको छ । जुन किसिमको दमन गरेको छ । त्यसको एउटा विस्फोट हो । भलै हमासले गलत तरिका अपनायो होला । तर त्यो उनीहरूको दमनको प्रतिफल हो । त्यसैले यसलाई संयुक्त राष्ट्रसंघले हेर्नुपर्छ । विश्व समुदायले हेर्नुपर्छ । र त्यहाँ न्यायोचित किसिमले त्यहाँको समस्याको समाधान गर्नुपर्छ भन्ने कुरामा मैले आफ्नो भनाइ राख्न चाहन्छु यहाँ ।

र यसका साथै अब देशको कुरा गर्दा यहाँ पूर्ववक्ता माननीयज्यूहरूले पनि भन्नुभो' । देशमा शान्ति सुरक्षाका कुराहरू, महँगीका कुराहरू, भ्रष्टाचारका कुराहरू, कालोबजारीका कुराहरू यी सबै नियन्त्रण हुन सकेको छैन । नेपाली जनताले जब चाडबाड आउँछ, त्यतिबेलै दैनिक उपभोग्य सामानका मूल्यहरू बढ्छन् । यातायातका भाडाहरू बढ्छन् । यी चिजहरू भइरहेको छ । सरकारको यस विषयमा किन ध्यान जाँदैन । पहिले नै सरकारले यस कुरामा ध्यान दिनुपर्थ्यो । र हामीले बारम्बार यो कुरा उठाएका छौं । र यो कुरामा सरकार असफल भएको छ । त्यसैले अझै पनि सरकारलाई म के अनुरोध गर्छु भने छिटोभन्दा छिटो यो महँगी

घटाउनको लागि दैनिक उपभोग्य सामान सर्वसुलभ किसिमले जनतालाई उपलब्ध गराउनको लागि र यातायातमा हुने एउटा भाडामाथिको मनोमानी जुन चलिरहेको छ, अहिले त्यसलाई रोक्नको लागि सरकारले शीघ्रातिशीघ्र ध्यान देओस् भन्ने मैले उ गर्न चाहन्छु ।

र त्यसै गरी आरती साहको कुरा बारम्बार उठेको छ यहाँ । र आरती साहलाई हामी तीन जना माननीयहरू गएर भेटेका थियौं । माननीय राधेश्याम, अनि माननीय सुरेश आलेज्यू र म । र त्यहाँ उनीहरूको कुरा सुन्दाखेरि अत्यन्तै दर्दनाक स्थिति छ । उनीहरू महिनौंदेखि त्यहाँ धर्ना बसिरहेका छन् । दाइजोको कारणले उनीहरूको छोरी चेलीको हत्या भएको छ । र धेरै दबाबपछि बाउ र श्रीमान्लाई लगेको छ र केही दिनपछि उनीहरू छोडिन्छन् तारेखमा । यिनीहरू त्यहाँ जाँदाखेरि उनीहरूको सुनुवाइ हुँदैन र उनीहरूको आरोप के छ भने त्यहाँको एक जना डीएसपी उसको प्रत्यक्ष संलग्नतामा चाहिँ यो घटना भइरहेको छ र उनीहरूलाई छोडिएको छ । हामी त्यसपछि उनीहरूलाई कारबाही गर्नुपर्‍यो । र हामीलाई न्याय दिलाउनुपर्‍यो भनेर जाँदाखेरि हामीमाथि हातपात भयो भनेर भनेका छन् । र उनको बहिनी जो मृतकको बहिनीको आरतीको बहिनी यतिसमेत भनिन् उनले कि त्यहाँको पुरुष प्रहरीले उनको गुप्ताङ्गमा हानेर मेरो रगत बग्ने चाहिँ गरेर उ गर्‍यो मलाई ठाउँ ठाउँमा चोट लाग्यो भनेर उनले त्यो रिपोर्ट गरिन् । त यस खालको दर्दनाक अवस्थामा सरकारले सुन्ने कि नसुन्ने महिनौं भइसक्यो त्यहाँ बसेको जनतालाई न्याय दिने कि नदिने । यो सरकारको कर्तव्य होइन? यो म सरकारलाई प्रश्न गर्न चाहन्छु । र त्यहाँ अर्को दृश्य के पनि देखियो भने हामी त्यहाँ गएर भेटघाट गर्दागर्दै एउटा ग्रुप त्यहाँ लुकेर भित्र दुई तीन जना बसिरहेका छन् होटलमा । बाहिर एउटा ड्रेसको प्रहरी छ । अरू सिभिलको मान्छेहरू दुई जना आएर हाम्रो त्यहाँ बसिराखेको फोटो पनि खिचे उनीहरूले । र उनी त्यहाँ डराइरहेका छन् । हामीलाई यहीँबाट उठाएर केही गर्ने हो कि भनेर पीडितलाई सहयोग गर्नुपर्ने ठाउँमा पीडितको निगरानी र सीआईडी गरिएको छ त्यहाँ । यो के कारण हो? यो सरकारले छानबिन गर्नुपर्‍यो र त्यो डीएसपीलाई तुरुन्त सरुवा गरिएको छ भनेका छन् उनीहरूले सरुवा भएरपछि त्यहाँ replace भएको जुन चाहिँ डीएसपी हो उसले पनि यो पीडितहरूको कुरा सुनिरहेको छैन । यस खालको स्थिति छ । सरकारको तदारुकताका साथ तुरुन्त ध्यान जाओस् । मैले यो आग्रह गर्न चाहन्छु ।

त्यसै गरी मुगुमा जुन एउटा हत्या भयो । अज्ञात मानिसहरूद्वारा हत्या भएको कुरो छ । त्यसको बारेमा पनि सरकारले छिटोभन्दा छिटो अपराधीहरूलाई पत्ता लगाएर उनीहरूलाई कानुन घेरामा लिएर राखुपर्‍यो र उनीहरूलाई सजाय दिलाउनुपर्‍यो । यी कुराहरू देशमा

भइरहेको कुराहरूको बारेमा सरकारको ध्यान यथेष्ट जाओस् । यी विषयमा सरकारको ध्यान जान सकेको छैन भन्ने कुरा मैले निवेदन गरें ।

त्यसका साथ अब हामी सधैं यहाँ कुरो उठाइरहन्छौं तर सरकारबाट त्यसको सुनुवाइ हुँदैन हामीलाई त्यस्तो महसुस भइरहेको छ । हामीले यहाँ यो अधिवेशनमा हामीले धेरै महत्त्वपूर्ण विधेयकहरू पारित गरेका छौं । दुईओटा सङ्कल्प प्रस्ताव पारित गरेका छौं । कतिपय पारित गर्नुपर्ने महत्त्वपूर्ण विधेयकहरू पनि थाँक्रोरहेका छन् । तर ती पारित हुने मात्रै हुन् कि त्यो कार्यान्वयन पनि हुने हो । सरकारको अहिले गतिविधि हेर्दाखेरि यी पारित भएका विधेयकहरू कार्यान्वयनमा आउँछन् कि आउँदैनन् । त्यो पनि हामीलाई शङ्का लाग्छ । त्यसैले यस खालको अवस्थामा परिवर्तन आओस् । र बाँकी रहेका विधेयक आगामी अधिवेशनमा पास हुने नै छन् । र पास भएका विधेयकहरूलाई लागु गर्नको लागि सरकारले अत्यन्त गम्भीरतापूर्वक ध्यान दिओस् भन्ने मैले भन्न चाहन्छु । र यो अधिवेशनलाई, यो अधिवेशन अवधिभरि एउटा कुशल, सक्षम र एउटा व्यावहारिक नेतृत्व दिएर सभापतिजीले जुन यो सम्पन्न गर्नुभो' यहाँसम्म ल्याउनुभो' सम्माननीय अध्यक्षज्यूले । त्यसको लागि सम्माननीय अध्यक्षज्यूलाई मैले धन्यवाद दिन चाहन्छु ।

र आउँदै गरेको तिहार, छठ पर्वमा सम्पूर्ण नेपाली जनताका साथै सम्पूर्ण माननीयज्यूहरू, यहाँ उपस्थित सम्माननीय अध्यक्षज्यू, उपाध्यक्षज्यू अन्य कर्मचारीज्यूहरू सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दै, मैले आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

(१५:२५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म चालु चोधौं अधिवेशनमा राष्ट्रिय सभाबाट सम्पादन गरिएका मुख्य-मुख्य कारबाहीहरूको सङ्क्षिप्त विवरण सभासमक्ष जानकारी गराउँदछु।

चौधौं अधिवेशन अवधिमा सभाबाट सम्पादित मुख्य-मुख्य कारबाहीहरूको सङ्क्षिप्त विवरण:-

माननीय सदस्यहरू, संघीय संसद, राष्ट्रिय सभाको चोधौं अधिवेशनको पहिलो बैठक मिति २०८० साल वैशाख २४ गते आइतवार अपराह्न ४ बजे प्रारम्भ भई २०८० साल कार्तिक १६ गते बिहीवारसम्म जम्मा १८० दिन चालु रह्यो । यस अवधिका ३९ दिनहरूमा ४८ ओटा बैठक बसी जम्मा ७१ घण्टा ११ मिनेट सभाको काममा व्यतीत भयो । यस अधिवेशन अवधिमा ११ ओटा बैठकमा शून्य समय रहेको थियो । उक्त शून्य समयमा ४० जना माननीय सदस्यहरूले १ घण्टा २६ मिनेट समय प्रयोग गर्नुभएको थियो । यस अधिवेशनका ६ ओटा

बैठकमा विशेष समय रहेको थियो । विशेष समयमा ३७ जना माननीय सदस्यहरूले ८ घण्टा ९ मिनेट समय उपयोग गर्नुभएको थियो ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८० जेठ ५ गते शुक्रवार सम्बोधन गर्नुभएको थियो । उक्त सम्बोधनका लागि सभाले सोही दिन धन्यवादको प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको थियो । यस अवधिमा नेपाल सरकारको नीति तथा कार्यक्रम, आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) र आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सभामा छलफल भएको थियो ।

यस चालु अधिवेशनमा "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०" स्वीकृत भएको थियो । सोही अध्यादेशलाई प्रतिस्थापन गर्न राष्ट्रिय सभामा उत्पति भएको "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" दुवै सभाबाट पारित भई प्रमाणीकरणसमेत भएको छ । यसै गरी यसै अधिवेशन अवधिमा "विनियोजन विधेयक, २०८०", "आर्थिक विधेयक, २०८०" र "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" दुवै सभाबाट पारित भई प्रमाणीकरण भएका छन् । "विधायनसम्बन्धी विधेयक, २०८०" र "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएको छ भने सभाको एघारौं अधिवेशन अवधिमा दर्ता भएको "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८" यसै अधिवेशन अवधिमा फिर्ता भएको छ।

यसै गरी, राष्ट्रिय सभामा उत्पति भएका "नेपाल विश्वविद्यालय विधेयक, २०८०" र गैरसरकारी विधेयकको रुपमा दर्ता भएको "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०८०" सभाले पारित गरी सन्देशसहित प्रतिनिधि सभामा पठाइएको छ भने आजै मात्र सभाबाट पारित भएको "विद्युतीय व्यापार विधेयक, २०८०" को सन्देशसमेत प्रतिनिधि सभामा पठाइएको छ ।

यसै अधिवेशन अवधिमा "राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७९/८०" को वार्षिक प्रतिवेदन सभामा पेस भएको थियो भने विधायन व्यवस्थापन समितिको "संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८०", "विधायन व्यवस्थापन समितिको निर्देशन, सुझाव कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन अध्ययन प्रतिवेदन, २०८०," पेस भएका थिए । "संविधान अनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८०" माथि सभामा छलफल भई प्रतिवेदनले औंल्याएका सुझाव कार्यान्वयन गर्न नेपाल सरकारलाई सभाबाट निर्देशनसमेत भएको छ ।

माननीय सदस्यहरू, यसै अधिवेशन अवधिमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षबाट ५ पटक देहाय बमोजिमका विषयमा रुलिङ्ग भएका थिए:

१. सदन चलिरहेको बेला सभामा सम्बन्धित मन्त्रीको अनिवार्य उपस्थिति हुनुपर्ने भनी नेपाल सरकारको ध्यानाकर्षण गराइएको साथै आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको अनुमानमाथि एकैपटक दुवै सदनमा छलफल चलेको अवस्थामा व्यावहारिक रूपमा एक जना मन्त्री दुवै सदनमा एकैपटक उपस्थित हुन नसक्ने तर राष्ट्रिय सभा नियमावलीबमोजिम सम्बन्धित मन्त्रालयको छलफलमा सम्बन्धित मन्त्रीको उपस्थिति अनिवार्य हुने व्यवस्थाको गाम्भिर्यतालाई ध्यान दिँदै व्यावहारिक हिसाबमा अर्थ मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल चलिरहेको समयमा अर्थमन्त्रीको सहजताको लागि कम्तीमा उपसचिव वा सोभन्दा माथिल्लो स्तरको अधिकृत कर्मचारीले सभामा उपस्थित भई टिपोट गर्ने व्यवस्था मिलाउने सम्बन्धमा निर्देशन भएको थियो ।

२. सिराहा जिल्ला भगवानपुर गाउँपालिकाका अध्यक्षले २०७९ फागुन २२ गते आयोजना गरेको कार्यक्रममा दलित र मुस्लिमहरूमाथि गरिएको विभेद, दाङको तुल्सीपुरमा दलित, विद्यार्थीमाथि डेरा भाडा दिने बेलामा विभेद गरिएको, ससरीमा अन्तरजातीय विवाहलाई प्रमाणपत्र दिएको विषयमा भएको विवादको सन्खर्भमा सभामा उठेको सवालमा सभाको ध्यानाकर्षण भएको र सो विषयमा आवश्यक कारबाही गरी सभालाई जानकारी गराउन सरकारको ध्यानाकर्षण गराइएको ।

३. सुनको अवैध आयात सम्बन्धमा प्रमुख प्रतिपक्षी दलले संसद अवरोध गरेकाले चार दिनदेखि लगातार बैठक अवरुद्ध हुँदै आएकोतर्फ ध्यानाकर्षण गराउँदै अवरुद्ध बैठक सुचारु गर्नका लागि सत्तापक्ष र प्रतिपक्षका शीर्ष नेताहरूको बैठक राखी आपसी संवादको माध्यमबाट निकास निकाल्न सरकारलाई आग्रह गरिएको ।

४. सुव्यवस्थित रूपमा राज्य सञ्चालन गरी सुशासन कायम गर्न संघीयताको कार्यान्वयन प्रभावकारी रूपमा गर्न पुरा गर्न साथै कानुनी रिक्तता पूरा गर्न साथै संविधानको कार्यान्वयनलाई समेत पूर्णता दिन "संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८०" मा उल्लेखित बन्न बाँकी कानुनहरूको तर्जुमा गरी प्राथमिकताको आधारमा संसदमा पेस गर्न तथा उक्त प्रतिवेदनमा समावेश भएका अन्य सुझावहरूसमेत कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन भएको साथै सरकारले सभाको यस निर्देशनलाघ गम्भिरतापूर्वक पालना गर्ने विश्वास व्यक्त भएको ।

५. सभाबाट सर्वसम्मतिले स्वीकृत अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि सम्माननीय प्रधानमन्त्रीले सभामा व्यक्त गर्नुभएका प्रतिबद्धतासमेतका आधारमा अन्तरमन्त्रालय, निकाय, तह र सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरी एकीकृत कार्ययोजना बनाई कार्यान्वयन गर्न र हरेक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक कार्य प्रगति प्रतिवेदन सभासमक्ष पेस गर्न नेपाल सरकारलाई सभाबाट निर्देशन भएको, साथै सभाअन्तर्गतका विषयगत समितिहरूले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित उक्त सङ्कल्प प्रस्तावमा उल्लिखित विषयहरूको कार्यान्वयनका सम्बन्धमा निरन्तर अनुगमन गर्नसमेत निर्देशन भएको ।

माननीय सदस्यहरू, माननीय सदस्य प्रकाश पन्थ र प्रस्तावक र २१ जना माननीय सदस्यहरू समर्थक भई दर्ता भएको अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव सभामा छलफल भई सर्वसम्मतिले स्वीकृत भएको थियो ।

त्यसै गरी माननीय सदस्य रमेश जंग रायमाझीले देहायबमोजिमका माननीय सदस्यहरू रहने गरी राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठनसम्बन्धी प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गरेको थियो ।

१. मा. सदस्य अनिता देवकोटा,

२. मा. सदस्य उदय बहादुर बोहरा,

३. मा. सदस्य खिमलाल देवकोटा,

४. मा. सदस्य नारायण देव,

५. मा. सदस्य तुल प्रसाद विश्वकर्मा,

६. मा. सदस्य दिल कुमारी रावल थापा (पार्वती),

७. मा. सदस्य भैरव सुन्दर श्रेष्ठ,

८. मा. सदस्य मदन कुमारी शाह (गरिमा),

९. मा. सदस्य महेश कुमार महरा,

१०. मा. सदस्य मोहम्मद खालिद,

११. मा. सदस्य डा. विमला राई पौडयाल,

१२. मा. सदस्य शेखर कुमार सिंह,

१३. मा. सदस्य सुरेश कुमार आलेमगर

माननीय सदस्यहरू, यस अधिवेशन अवधिमा आर्थिक वर्ष २०७९/८० को आर्थिक सर्वेक्षण सभामा पेस भएको थियो भने संवैधानिक व्यवस्थाअनुसार देहायबमोजिमका संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरू सभामा पेस भएका थिएः-

१. नेपालको संविधानको धारा ५३ बमोजिम नेपाल सरकारको वार्षिक प्रतिवेदन, २०७८/७९,

२. महालेखापरीक्षकको साठीऔँ वार्षिक प्रतिवेदन, २०७९,

३. राष्ट्रिय महिला आयोगको पन्धौँ वार्षिक प्रतिवेदन, २०७८/७९,

४. राष्ट्रिय दलित आयोगको दोस्रो वार्षिक प्रतिवेदन, २०७८/७९,

५. निर्वाचन आयोग, नेपाल सोह्रौँ वार्षिक प्रतिवेदन, २०७८/७९,

६. राष्ट्रिय दलित आयोगको, तेस्रो वार्षिक प्रतिवेदन, २०७९/८० र

७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेत्तिसौँ वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७९/८० ।

माननीय सदस्यहरू, यस अधिवेशनमा आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले जवाफ दिनुभएको थियो । त्यसै गरी प्रधानमन्त्रीको भारत भ्रमणको विषयलाई सभामा जानकारी दिनुका साथै अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावका सम्बन्धमा समेत सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले जवाफ दिनुभएको थियो।

यस अवधिमा आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) र आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा माननीय अर्थमन्त्री प्रकाशशरण महतले जवाफ दिनुभएको थियो।

माननीय सदस्यहरू, यस अधिवेशन अवधिमा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमान, प्रस्तुत संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली निर्माण र संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एण्टोनियो गुटेरेसको सम्बोधनको सिलसिलामा दुवै सभाका ५

वटा संयुक्त बैठकहरू भएका थिए । संयुक्त बैठकका लागि ७ घण्टा ५ मिनेट समय व्यतीत भयो ।

दुवै सभाको संयुक्त बैठकबाट संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ खारेज गरी "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८०" निर्माण गरिएको थियो । उक्त नियमावली मस्यौदा समितिका लागि राष्ट्रिय सभाले माननीय सदस्य अनिता देवकोटा, माननीय सदस्य गंगा कुमारी बेलबासे र माननीय सदस्य भैरव सुन्दर श्रेष्ठलाई मनोनयन गरेको थियो।

त्यसै गरी यस अधिवेशन अवधिमा सभाले संघीय संसदको संयुक्त बैठक र संयुक्त (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाइ समितिमा राष्ट्रिय सभाबाट माननीय सदस्य जग प्रसाद शर्मा, माननीय सदस्य देवेन्द्र दाहाल र माननीय सदस्य रमेश जंग रायमाझी तथा सोही नियमावलीको नियम २८ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा राष्ट्रिय सभाबाट माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ, माननीय सदस्य मदन कुमारी शाह (गरिमा) र माननीय सदस्य मोहम्मद खालिदलाई मनोनयन गरेको थियो भने उक्त राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा माननीय सदस्य भैरव सुन्दर श्रेष्ठको सट्टा माननीय विमला घिमिरे सदस्य रहने गरी पुनः हेरफेरसमेत गरेको थियो।

माननीय सदस्यहरू, यसै अधिवेशन अवधिमा सभाले संविधान सभा अध्यक्ष, पूर्व सभामुख एवम् वर्तमान प्रतिनिधि सभा सदस्य सुवास चन्द्र नेम्वाङ्ग, राष्ट्रिय सभाका पूर्वसदस्य महेश चौधरी, प्रतिनिधि सभाका पूर्वसदस्य एवम् संविधान सभा सदस्य तथा पूर्वराज्यमन्त्री मिना पाण्डे, संविधान सभा सदस्य पुरुषोत्तम बस्नेत, संविधान सभा सदस्य श्याम सुन्दर टिवडेवाल र सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय पृथ्वीबहादुर सिंहको निधन भएकोमा शोक प्रस्तावहरू पारित गरेको थियो।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको कामकारबाहीलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न र सभाबाट केही उदाहरणीय कार्य सम्पन्न हुन माननीय उपाध्यक्षलगायत सम्पूर्ण माननीय सदस्यहरू, राष्ट्रिय सभाअन्तर्गतका विषयगत समितिहरू र सिङ्गो संघीय संसद सचिवालयले खेलेको भूमिका र नेपाल सरकारको सहयोगका लागि सभाको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

साथै, राष्ट्रिय सभाको प्रभावकारिता अभिवृद्धिका लागि सञ्चार माध्यमको सहयोग र सभाप्रति नागरिक समाज र आमजनताको विश्वास र भरोसाका लागि समेत धन्यवाद दिन चाहन्छु ।

सभा सञ्चालन तथा व्यवस्थापन र यसको प्रभावकारिता अभिवृद्धिमा सदस्यहरूको मेहनत, संघीय संसद सचिवालयको भूमिका र नेपाल सरकारको सहयोग अहम् रहने हुँदा आगामी दिनमा सभाको गरिमा अभिवृद्धिमा अझ महत्वपूर्ण भूमिका निर्वाह हुनेमा पनि विश्वास व्यक्त गर्दछु।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट चालु अधिवेशन अन्त्यसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

सम्माननीय अध्यक्ष,
राष्ट्रिय सभा,
सिंहदरबार, काठमाडौं ।

नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०७/१६ को सिफारिसमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८० साल कार्तिक १६ गते बिहीबार राती १२:०० बजेदेखि अन्त्य गरेको छु।

( रामचन्द्र पौडेल)
राष्ट्रपति

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालु चोधौं अधिवेशन आजै राती १२:०० बजेबाट स्वतः अन्त्य हुने गरी यो बैठक अन्त्य भएको घोषणा गर्दछु ।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको चालु चौधौं अधिवेशन राती १२:०० बजेबाट स्वतः अन्त्य हुने गरी बैठक अन्त्य भएको घोषणा गर्नुभयो ।

**स्थगितः १५:३६ बजे ।**